भा.टी.- ति निरन्तर ममा ध्यान लगाउने र प्रीतिपूर्वक भजन गर्ने भक्तहरुलाई मै त्यो तत्वज्ञानरुपी योग दिन्छु , जसले ति मैमा प्राप्त हुन्छन् अर्थात मिल्दछन् ।

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥

भा.टी.- हे अर्जुन ! तिनका उपर अनुग्रह गर्नका लागि नै म स्वयं तिनका अन्तःकरणमा एकै भावले स्थित भएर अज्ञानले उत्पन्न भएका अन्धकारलाई प्रकाशमय तत्वज्ञानरुप दीपकद्वारा नष्ट गरिदिन्छु ।

<u>अर्जुनवाच</u>

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥
आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा ।
असितो देवलोव्यासः स्वयं चैव ब्रवीषि मे ॥१३॥

भा.टी.- यस्ता प्रकारका भगवानका वचन सुनेर अर्जुनजी विन्ती गर्नु हुन्छ कि हे भगवान ! तपाई परब्रह्म र परमधाम एवं परम पवित्र हुनुहुन्छ , किन भने तपाईलाई सब ऋषिजन सनातन दिव्य पुरुष र अनि देवताका पनि आदिदेव अजन्मा सर्वव्यपी भन्छन् , उस्तै नै फेरि देवऋषि नारद तथा असित र देवल ऋषि अनि महर्षि व्यास र स्वयं तपाई पनि मेरा सामुन्ने यो बात भन्नु हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ।
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥

भा.टी.- हे केशव ! जो कुछ पनि मेरा प्रति तपाई भन्नु हुन्छ यी सम्पूर्णलाई म सत्य मान्दछु । हें भगवान ! हजुरका लिलामय स्वरुपलाई न दानव जान्दछन् न देवतहरु नै जान्दछन् ।

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम ।
भुतभावन भुतेश देवदेव जगत्पते ॥१५॥

भा.टी.- हे भूतहरुलाई उत्पन्न गर्ने ! हे भूतहरुका ईश्वर ! हे देवताका पनि देव ! हे जगतका स्वमी ! हे पुरुषोत्तम ! तपाई स्वयं नै आफैं जान्नु हुन्छ ।

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ।
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥

भा.टी.- यस निमित्त हे भगवान ! तपाई नै ति आफ्ना दिव्य विभूतिहरुलाई सम्पूर्णताले भन्नलाई योगय हुनुहुन्छ, कि जुन विभूतिहरुद्वारा यी सम्पूर्ण लोका लोकलाई व्याप्त गरेर स्थित हुनुहुन्छ ।

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन् ।
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- हे योगेश्वर ! म कुन प्रकारले निरन्तर चिन्तन गरेर हजुरलाई जानौं , अरु फेरि हे भगवान ! तपाई कुन कुन भावमा मद्वारा चिन्तन गर्न योग्य हुनुहुन्छ अर्थात हजुरलाई मैले कुन कुन भाव , वस्तुमा सम्झने ।

विस्तरेणात्मने योगं विभूतिं च जनार्दन ।
भूयः कथय तृप्तिर्हि श्रृण्वतो नास्तिमेऽमृतम् ॥१८॥

भा.टी.- अनि हे जनार्दन ! आफ्नी योगशक्तिलाई र परमैश्वर्य विभूतिलाई फेरि पनि विस्तार पूर्वकले मेरा सामुन्ने भन्नु होस् । किनभने तपाईका अमृतरुपी वचन सुनेर पनि मेरो तृप्ति हुँदैन अर्थात सुन्नाको उत्कण्ठा अझै पनि बनिरहेको छ ।

श्रीभगवानुवाच

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ।
प्राधान्यतः कुरुश्रेण्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥

भा.टी.- यस्ता प्रकारका अर्जुनका प्रश्न सुनेर श्रीकृष्ण भगवान आज्ञा गर्नु हुन्छ , हे कुरुश्रेष्ठ ! अब म तिम्रा लागि आफ्ना दिव्य विभूतिहरुलाई प्रधानताले भन्छु , किनभने मेरो विस्तारको अन्त छैन ।

अहमात्मा गुडाकेश सर्वभुताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- हे अर्जुन ! म सबै भूतहरुका हृदयमा स्थित सबैको आत्मा हूँ तथा सम्पूर्ण भूतहरुको आदि , मध्य र अन्त पनि मै हूँ ।

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥

भा.टी.- हे अर्जुन ! म अदितिका बाह्र पुत्रमा विष्णु अर्थात बामन अवतार र ज्योतिहरुमा किरणवाला सूर्य हूँ ।अनि फेरि म उन्नाचास वायुहरुमा मरीचि नाम गरेको वायु हूँ, नक्षत्रहरुमा नक्षत्रहरुको अधिपति चन्द्रमा पनि मै हूँ ।

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥

भा.टी.- अनि फेरि म वेदहरुमा साम वेद हूँ , देवताहरुमा इन्द्र हूँ , अरु इन्द्रियहरुमा मन हूँ , भूतप्राणीहरुका मध्यमा चेतना अर्थात ज्ञानशक्ति हूँ ।

रुद्राणां शंकरश्चास्मि वित्तेशो यक्षरक्षसाम् ।
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ॥२३॥

भा.टी.- फेरि म एकादश रुद्रहरुमा शंकर हूँ । अरु यक्ष र रक्षसहरुमा धनको स्वमी कुबेर हूँ , फेरि म अष्ट बसुहरुमा अग्नि हूँ , शिखरवाला पर्वतहरुमा म स्वर्णमय पर्वत हूँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरोधसां च मुख्य मां विद्धि पार्थ बृहस्पतिम् ।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥

भा.टी.- पुरोहितहरुमा मुख्य अर्थात देवताहरुको पुरोहित बृहस्पति भनेर मलाई जान । फेरि हे पार्थ ! म सेनापतिहरु मध्यमा स्कन्द (स्वमी कार्तिक) र जलाशयहरुमा म समुद्र पनि मै हूँ ।

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥

भा.टी.- अनि हे अर्जुन ! म महर्षिहरुमा भृगु र वचनहरुमा एक अक्षर अर्थात ॐकार मै हूँ , सबै प्रकारका यज्ञहरुमा जपयज्ञ र स्थिर भएका स्थावर मध्यमा हिमालय पर्वत पनि मै हूँ ।

अश्वत्थ सर्ववृक्षाणां देवर्षीणां च नारदः ।
गनधर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनि ॥२६॥

भा.टी.- सबै वृक्षहरुमा पीपलको वृक्ष र देवर्षिहरुमा नारद मुनि मै हूँ , गन्धर्वहरुमा चित्ररथ नाम गरेको गन्धर्व र सिद्धहरुमा कपिल मुनि भनेको मै हूँ ।

उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥

भा.टी.- अरु फेरि हे अर्जुन ! तिमी यो पनि जान कि घोडाहरुमा अमृत देखि उत्पन्न हुने उच्चैःश्रवा नाम गरेको र हात्तीहरुमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐरावत नाम गरेको हात्ती तथा मनुष्यहरुमा राजा भन्ने पनि मलाई नै जान ।

आयुधानामहं बज्रं धेनूनामस्मि कामधुक् ।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥

भा.टी.- हे अर्जुन ! मलाई शास्त्रहरुका मध्मा बज्र र गाईहरु मध्यमा कामधेनु नाम गरेको गाई जान , अरु (शास्त्रक्तरीतिले) सन्तान उत्पत्तिको हेतु कामदेव पनि मै हूँ । सर्पहरुमा सर्पराज वासुकी पनि मलाईनै जान ।

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।
पितृणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

भा.टी.- म नागहरुमा अनन्त (शेषनाग) र जलचरहरुमा (तिनको अधिपति) वरुण हूँ , अरु पितृहरुमा आर्यमा नाम गरेको र शासक अर्थात शासनगर्ने मा यमराज भन्ने पनि मलाई नै जान।

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

भा.टी.- अनि फेरी हे अर्जुन ! म दैत्यहरुमा प्रह्लाद र गन्ति गर्नेवालाहरुमा समय पनि मै हूँ तथा पशुहरुमा मृगराज (सिंह) र पंक्षिहरुका मध्यमा गरुड भन्ने पनि मलाई नै जान अर्थात मै हूँ।

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।
झषाणां मकरश्चास्मि स्त्रोतसामस्मि जाह्नवी ॥३१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- फेरि म पवित्र गर्नेहरुमा वायु र शस्त्रधारीहरुमा राम हूँ, तथा मच्छाहरुका मध्यमा मगरमच्छ भन्ने पनि मै हूँ अरु नदीहरुमा भागीरथी गङ्गा पनि मै हुँ।

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

भा.टी.-हे अर्जुन ! सृष्टिको आदि, अन्त र मध्य पनि मै हूँ, तथा म विद्याहरुका मध्यमा अध्यात्मविद्या अर्थात ब्रह्मविद्या र परस्परमा विवाद गर्नेहरुका मध्यमा तत्व निर्णयहरुका लागि गरिने वादविवाद पनि मै हूँ।

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च।
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥

भा.टी.- अनि फेरि म अक्षरहरुमा अकार र समासहरुमा द्वन्द नाम गरेको समास हूँ। तथा अक्षयकाल अर्थात कालको पनि काल महाकाल र विराट स्वरुप अर्थात सबैलाई धारण पोषण गर्ने पनि मै हूँ।

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम्।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा
॥३४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- हे अर्जुन ! म सबैलाई नाश गर्ने मृत्यु र अगाडि हुनेहरुका उत्पत्तिको कारण हूँ अनि श्रीहरुमा कीर्ति श्री वाक् स्मृति मेधा धृति र क्षमा पनि मै हूँ।

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥

भा.टी.- तथा म गायन गर्न योग्य श्रुतिहरुमा बृहत्साम र छन्दहरुका मध्यमा गायत्री छन्द हूँ। फेरि महिनाहरुमा मार्गशीर्ष नाम गरेको महिना र ऋतुहरुमा बीचमा बसन्त ऋतु पनि मलाई नै जान अर्थात मै हुँ।

द्यूतं छलयतामस्मि तेजस्तेजस्तेस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ॥३६॥

भा.टी.- हे अर्जुन ! म छल गर्नेमा जुवा र प्रभावशाली पुरुषहरुमा प्रभाव पनि मै हूँ तथा म जेता अर्थात जीत्नेवालाहरुको विजय हूँ , अरु निश्चय गर्नेवालाहरुको निश्चय एवं सात्विकीय पुरुषहरुको सात्विक भाव पनि मैं हूँ।

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः ।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥

भा.टी.- अरु फेरि वृष्णिवंशीहरुमा वासुदेव अर्थात स्वयं म तिम्रो साथी र पाण्डवहरुमा धनञ्जय अर्थात तिमी हूँ, मुनिहरुमा वेदव्यास र कविहरुमा शुकाचार्या कवि पनि स्वयं मैं हूँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥

भा.टी.- अरु दमन गर्नेहरुको दण्ड अर्थात दमन गर्ने शक्ति पनि मैं हूँ, जित्ने इच्छा गर्नेहरुको नीति हूँ, अरु गोपनीय भावहरुमा मौन (नबोल्नु)पनि मैं हूँ तथा ज्ञानवानहरुको तत्वज्ञान पनि मै हूँ ।

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥

भा.टी.- हे अर्जुन ! जो सबै भूतहरुमा उत्पत्तिको कारण छ त्यो पनि सबै मैं हूँ, किनभने यस्तो त्यो चर अचर (कोही पनि) भूत छैन कि जो म देखि रहित होस् यस निमित्त सबै मेरै स्वरुप हुन् ।

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परंतप ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

भा.टी.- हे परमतप ! मेरा दिव्य विभूतिहरुको अन्त्त छैन । यो त मैले आफ्ना विभूतिहरुको विस्तार तिम्रा निमित्त एक देशले अर्थात संक्षेपले भनिदिए ।

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसंभवम् ॥४१॥

भा.टी.- यस निमित्त हे अर्जुन ! जो जो पनि विभूति युक्त अर्थात ऐश्वर्य युक्त एवं कान्तियुक्त र शक्तियुक्त वस्तु छन् तिनलाई तिमी मेरै तेजका अशं देखि उत्पन्न भएका जान ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा वहुनैते न किं ज्ञातेन तवार्जुन ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥

भा.टी.- हे अर्जुन ! यसलाई धेरै जान्नाले तिम्रो के प्रायोजन सिद्ध हुन्छ र म यो सम्पूर्ण जगतलाई आफ्नी योगमायाका एकै अंश मात्रले धारण गरेर स्थित भएको छु , यस निमित्त मलाई नै तत्वदेखि जान्नु असल छ ।

ॐ तत्सदिति श्रीमदभागवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे विभूतियोगो नाम दशमोऽध्यायः ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

एकादशोऽध्याय

अर्जुन उवाच

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम् ।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥

भा.टी.- यस्ता प्रकारका वचन सुनेर अर्जुन बिन्ति गर्दछन कि हे भगवान ! मेरा उपरमा अनुग्रह गर्नका निमित्त अत्यन्त परम गोपनीय अध्यात्म विषयका बचन अर्थात् उपदेश हजुरद्वारा जो कहियो त्यसले मेरो यो अज्ञान नष्ट भयो ।

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तारशो मया ।
त्वत्तः कमलपत्राक्ष माहात्म्यपि चाव्ययम् ॥२॥

भा.टी.- किनभने हे कमलनेत्र ! मैले भूतहरुको उत्पत्ति र प्रलयको कथा हजुरदेखि विस्तार पूर्वक सुनिसकेको छु । फेरि हजुरको अविनाशी प्रभाव पनि सबै सुनिसकें ।

एवमेतद्यथात्थ त्वमात्मानं परमेशवरं ।
द्रष्टुमिच्छामि ते रुपमैश्वरं पुरुषोत्तम ॥३

भा.टी.- हे परमेश्वर ! हजुर आफुलाई जस्तो बताउनुहुन्छ , त्यो सबै ठिक यस्तै नै हो पुरुषोत्तम ! हजुरको ज्ञान, ऐश्वर्य, शक्ति,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बल, वीर्य र तेज युक्त रुपलाई म प्रत्यक्ष देख्न चाहन्छु अर्थात् ईच्छा गर्दछु ।

मान्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ।
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

भा.टी.- यस निमित्त हे प्रभो ! मैले त्यो हजुरको रुप देख्नको निमित्त शक्य छ , यस्तो यदि मान्नु हुन्छ भने त हे योगेश्वर ! हजुरले मेरा उपर करुणा गरेर आफ्ना अविनाशी स्वरुपको मलाई दर्शन गराउनुहोस् ।

भगवानुवाच

पश्य मे पार्थ रुपाणि शतशोऽथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥

भा.टी.- यस्ता प्रकारका अर्जुनले प्रार्थना गरेको सुनेर श्रीकृष्ण भगवान् आज्ञा गर्नहुन्छ कि हे पार्थ ! मेरा सैकडों तथा हजारौं नाना प्रकारका र नाना वर्णका आकृतिवाला अलौकिक रुपहरुलाई हेर ।

पश्यदित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा ।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥

भा.टी.- अरु हे भरतवंशी अर्जुन ! ममा आदित्यहरु अर्थात् अदितिका द्वादश पुत्रहरुलाई र आठ वसुहरुलाई अनि दुबै अश्विनीकुमारहरु र उनाञ्चास मरुद्गणहरु अर्थात् वायुहरुलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेर , फेरि अरु पनि धेरै नै पहिले नदेखेका आश्चर्यजनक रुपहरुलाई पनि हेर ।

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ॥७॥

भा.टी.- अरु हे अर्जुन ! अब यस मेरा शरीरमा एकै ठाउँमा स्थित भएको चराचर सहित सम्पूर्ण जगत हेर । अरु पनि देख्नको ईच्छा गर्छौ सो पनि हेर सम्पूर्ण हेर ।

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥

भा.टी.- तर मलाई मेरा विराटरुपलाई यो आफ्ना प्राकृत नेत्रहरुद्वारा निःसन्देह हेर्न समर्थ हुनेछैनौं । यस निमित्त म तिम्रा लागि दिव्य अर्थात् अलौकिक चक्षु (नेत्र) दिन्छु यसैले तिमी मेरो प्रभाव र योगशक्तिलाई हेर ।

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रुपमैश्वरम् ॥९॥

भा.टी.- तहाँ उप्रान्त महाराज धृतराष्ट्रका सामुन्ने सञ्जय भन्दछन्, राजन ! महायोगेश्वर सम्पूर्ण पापहरुलाई नाश गर्ने भगवान्‌ले यस्ता प्रकारले भनेर तहाँ उप्रान्त अर्जुनका निमित्तमा परम ऐश्वर्य युक्त दिव्य स्वरुपलाई देखाइ दिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनेकवक्त्रनयनमनेकाद्भूतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥

भा.टी.-अरु त्यस अनेक प्रकारका मुख र नेत्रहरुले युक्त फेरी अनेक प्रकारका अदभूत दर्शनवाला एवं अनेक प्रकारका धेरै नै दिव्य विभूषणहरुले युक्त र अरु फेरि अनेक प्रकारका धेरै नै दिव्य शस्त्र अस्त्रादि हातमा उठाएर लिएका ।

दव्यमाल्यम्वरधरं दिव्यगन्धानुलेपनम् ॥
सवोश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥

भा.टी.- तहाँ उप्रान्त दिव्य माला र वस्त्रहरु धारण गरेका अरु दिव्य गन्ध (चन्दन) को लेपन गरेका एवं सबै प्रकारका आश्चर्यादिले युक्त भएका सिमारहित विराटस्वरुप परमदेव परहेश्वरलाई अर्जुनले देखे ।

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥

भा.टी.- फेरि हे राजन् ! आकाशमा हजारौं सूर्यको एकै साथ उदय हुँदा जो प्रकाश हुन्छ, त्यो पनि त्यस विश्वरुप परमात्माका सद्दश कदाचितै मात्र होला अर्थात् त्यस्तो प्रकाश केहिको पनि हुनेछैन ।

तत्रैकस्थ जगतकृत्स्नं प्रविभक्तमनेकधा ।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- यस्ता आश्चर्यमय रुपलाई देखि पाण्डुपुत्र अर्जुनले त्यस समयमा अनेक प्रकारले विभक्त भएको अर्थात् पृथक पृथक भएका सर्म्पूर्ण जगत्लाई त्यसै देवताहरुका पनि देवता भएका श्रीकृष्ण भगवानका शरीरमा एकै ठाऊँमा स्थित भएका अर्थात बसेको देखे ।

ततः स विस्मयाविष्टो हृष्तरोमा धनञ्जयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥

भा.टी.- तदनन्तर त्यस आश्चर्यले युक्त भएर हर्षित रोम भएका अर्जुनले विश्वरुप परमात्माको श्रद्धा भक्तिले युक्त भएर विन्ति गर्न लागे ।

अर्जुनउवाच

पश्यामि देवांस्तव देव देहे
सर्वास्तथा भूतविशेषसंघान् ।
ब्रह्माणमीशं कमलासनस्थमृषींश्च
सर्वानुरगांश्च दिव्यान् ॥१५॥

भा.टी.- हे देव ! हजुरका शरीरमा सम्पूर्ण देवताहरुलाई र अनि फेरि अनेक प्रकारका भूतहरुका समुदायहरुलाई अनि कमलका आसनमा विराजमान भएका ब्रह्माजीलाई तथा कैलाश पर्वतमा बसेका महादेवलाई र सम्पूर्ण ऋषिहरुलाई अनि दिव्य सर्पहरुलाई पनि देख्दैछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनेकाबाहूदरवक्त्रनेत्रं पश्यामि
त्वां सर्वतोऽनन्तरुपम् ।
नान्तं न मध्यं न पुनस्तवादिं
पश्यामि विश्वेश्वर विश्वरुप ॥१६॥

भा.टी.- हे सम्पूर्ण विश्वका स्वामी ! हजुरलाई अनेक प्रकारका हात, पेट, मुख र नेत्रहरुले युक्त तथा सबै तर्फबाट देख्छु फेरि न मध्य र न आदि नै देख्तछु अर्थात् हजुरको आदि, अन्त्य र मध्य केहि पनि देख्दिन ।

किरीटिनं गदिनं चक्रिणं च
तेजोराशिं सर्वतो दीप्तिमन्तम् ।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता-
द्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

भा.टी.- हे विष्णो ! हजुरलाई म मुकुट, गदा, र चकले युक्त तथा सर्व प्रकारबाट प्रकाशमान तेजको पुन्ज, प्रज्वलित अग्नि, र सूर्यका सदृश ज्योतियुक्त , हेर्नमा अत्यन्त गहन र अप्रमेय स्वरुप सबैतिरबाट देख्तछु ।

त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम् ।
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातास्त्वं पूरुषो मतो मे ॥१८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- यस निमित्त हे भगवान् ! तपाइँ नै जान्नलाई योग्य भएका परम अक्षर हुनुहुन्छ , अर्थात् परब्रह्म परमात्मा हुनुहुन्छ , फेरि तपाइँनै यस जगतका परम आश्रय हुनुहुन्छ तथा हजुर नै आदि धर्मको रक्षक हुनुहुन्छ फेरि हजुर नै अविनाशी सनातन पुरुष हुनुहुन्छ भन्ने यस्तो मेरो मत छ अर्थात म यस्तो निश्चय गर्दछु ।

अनादिमध्यान्तमनन्तवीर्यमनन्तबाहुं
शशिसूर्यनेत्रम् ।
पश्यामि त्वां दीप्तहुताशवक्त्रं
स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

भा.टी.- हे परमेश्वर ! म हजुरलाई आदि अन्त्य र मध्यदेखि रहित फेरि अनन्त सामर्थ्यले युक्त अरु अनन्त हातहरु भएको अनि चन्द्र सूर्यरुपी नेत्रहरुले शोभित भएको र प्रज्वलित अग्निरुपी मुख भएको तथा आफ्ना तेजले यस जगतलाई तपायमान गरेको देख्दछु ।

द्यावापृथिव्योरिदमन्तरं हि
व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।
दृष्ट्वाद्भुतं रुपमुग्रं तवेदं
लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥

भा.टी.- हे महात्मा ! यो स्वर्ग र पृथ्वीको बिचको सम्पूर्ण आकाश र अनि सबै दिशाहरु एकै हजुरबाट नै परिपूर्ण छ, तथा हजुरका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस अलौकिक र भयंकर रुपलाई देखेर तीनै लोक अत्यन्त व्यथित भै रहेको छ ।

अमी हि त्वां सुरसंघा विशन्ति
केचिद्भीताः प्राञ्जलयो गृणन्ति ।
स्वस्तीत्युक्त्वा महर्षिसिद्धसंघाः
स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ॥२१॥

भा.टी.- अरु हे गोविन्द ! यी सबै देवताहरुका समूह तपाईमा नै प्रवेश गर्दैछन् अरु धेरै भयभीत भएर हात जोडी हजुरका नाम र गुणको उच्चारण गर्दछन् , फेरि महर्षि र सिद्धहरुको समूदाय कल्याण होस् भन्ने यस्तो कहेर अत्यन्त उत्तमोत्तम स्तोत्रहरुद्वारा हजुरको स्तुति गर्दछन् ।

रुद्रादित्य वसवो ये च साध्या
विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ।
गन्धर्वयक्षासुरसिद्धसंघा
वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

भा.टी.- हे परमेश्वर ! जो एकादशरुद्र र द्वादश आदित्य अर्थात् बाह्र सूर्य तथा आठ वसु र साध्यगण विश्वदेव तथा अश्विनीकुमार अरु मरुद्गण र पितृहरुका समूदाय तथा गन्धर्व, यक्ष, राक्षस र सिद्धगणहरुको समूदाय छन् ति सबै जना विस्मित भएर हजुरलाई हेर्दैछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रुपं महत्ते बहुवक्त्रनेत्रं
महावाहो बहुबाहूरुपादम् ।
बहूदरं बहुदंष्ट्राकरालं
दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ॥२३॥

भा.टी.- अरु फेरि हे महाबाहो ! हजुरका धेरै मुख र नेत्रहरु भएका अनि धेरै हात जंघा र पाउ भएको अरु धेरै पेट भएको तथा धेरै नै विकराल दुई दाह्रा भएको महान रुपलाई देखेर सबै आकुल व्याकुल भैरहेका छन् , त्यस्तै म पनि अत्यन्त व्याकुल भै रहेको छु ।

नभः स्पृशं दीप्तमनेकवर्ण
व्यात्ताननं दीप्तविशालनेत्रम ॥
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा
धृतिं न विन्दामि शमं विष्णो ॥२४॥

भा.टी.- किनभने हे विष्णो ! आकाशलाई स्पर्श गर्ने देदीप्यमान अनेक रुपहरुले युक्त, फैलाएर मुख र अनि प्रकाशमान विशाल नेत्रहरुले युक्त भएका हजुरलाई देखेर भयभीत अन्तःकरण भएकोमा धीरज र शान्तिमा प्राप्त हुन सक्दिन ।

दंष्ट्रकरालानि च ते मुखानि
दृष्ट्वैव कालानलसन्निभानि ।
दिशो न जाने न लभे च शर्म
प्रसीद देवेश जगन्निवास ॥२५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- हे भगवान ! हजुरका विकराल दाह्रा र प्रलयकालका अग्निका समान प्रज्वलित मुखहरुलाई देखेर दिशाहरु पनि जान्दिन अनि सुखमा पनि प्राप्त भएको छैन । यस निमित्त हे देवेश ! हे जगन्निवास ! हजुर प्रसन्न हुनुहोस् ।

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहैवावनिपालसंघैः ।
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ
सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥

भा.टी.- अरु पनि म देख्दैछु कि ति सबै धृतराष्ट्रका पुत्र, राजाहरुका समूदाय सहित हजुरमा नै प्रवेश गर्दैछन् अरु भीष्मपितामह, द्रोणाचार्य तथा त्यो कर्ण र हाम्रा पक्षमा पनि प्रधान योद्धाहरु सहित सबका सब ।

वक्त्राणि ते त्वरमाणा विशन्ति
दंष्ट्राकरालानि भयानकानि ।
केचिद्विलग्ना दशनान्तरेषु
संदृश्यन्ते चुर्णितैरुक्तमाङ्गैः ॥२७॥

भा.टी.- वेग युक्त भएका हजुरका विकराल दाह्रायुक्त भयानक मुखमा प्रवेश गर्दैछन् । फेरि धेरै धुलो भएका शिरका सहित हजुरका दाँतहरुका वीचमा परेका अर्थात् दाह्राले थिचिएका देखिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यथा नदीनां बहवोऽम्बुवेगाः
समुद्रमेवाभिमुखा द्रवन्ति ।
तथा तवामी नरलोकवीरा
विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

भा.टी.- हे विश्वमुर्ते ! जस्तै नदीहरुका धेरै जलका प्रवाह समुद्रकै सम्मुख दौडन्छन् अर्थात् समुद्रमै गएर प्रवेश गर्दछन् , उस्तै ति शूरवीर मनष्यहरुका समूदाय पनि हजुरका प्रज्वलित भएका मुखहरुमा प्रवेश गर्दैछन् ।

यथा प्रदीप्तं ज्वलनं पतंगाः
विशन्ति चाशाय समृद्धवेगाः ।
तथैव नाशाय विशन्ति लोकास्तवापि
वक्त्राणि समृद्धवेगाः ॥२९।

भा.टी.- अथवा जस्तै पतंग(भुसुनाहरु) मोहका बसमा भएर नष्ट हुनका लागि प्रज्ज्वलित अग्नि (बत्ति) मा अत्यन्त बेगले प्रवेश गर्दछन् उस्तै नै यी सबैलोक पनि आफ्ना आशका लागि हजुरका मुखमा अत्यन्त वेगले प्रवेश गर्दैछन् ।

लेलिह्यसे ग्रसमानः
समन्ताल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ।
तेजोभिरापूर्य जगत्समग्रं
भासस्तवोग्राः प्रतपन्ति विष्णे ॥३०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- फेरि हजुर ति सम्पूर्ण लोकहरुलाई प्रज्ज्वलित मुखहरुद्वारा ग्रास गरेर सबै तर्फबाट चाटिरहनुभएको छ । हे विष्णो ! हजुर उग्र प्रकाशले सम्पूर्ण जगतलाई तेजद्वारा परिपूर्ण गरेर तपायमान गर्नुहुन्छ ।

आख्याहि मे को भवानुग्ररुपो
नमोऽस्तु ते देववर प्रसीद ।
विज्ञातुमिच्छामि भवन्तमाद्यं
न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥

भा.टी.- हे भगवान् ! कृपा गरेर मेरा प्रति भन्नुहोस कि हजुर उग्ररुप वाला हुनुहुन्छ , हे देवतामा श्रेष्ठ ! हजुरलाई नमस्कार छ , प्रसन्न हुनुहोस , अदित्यस्वरुप हजुरलाई म तत्वदेखि जान्न चाहन्छु अर्थात् हजुरलाई तत्व सहित म जान्नको ईच्छा गर्दछु किनभने हजुरको प्रकृतिलाई म जान्न सक्दिन ।

श्रीभगवानुवाच

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो
लोकान्समाहर्तुमिह प्रवृत्तः।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे
येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥३२॥

भा.टी.- यस्ता प्रकारका अर्जुनका विन्ति सुनेर भगवान आज्ञा गर्नुहुन्छ कि हे अर्जुन ! म लोकहरुलाई नाश गर्न बढेको महाकाल हुँ , यस समयमा यो लोक नष्टगर्नका लागि प्रवृत्त भएको छु, यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निमित्त जो प्रतिपक्षीहरुका सेनामा स्थित भएका योद्धाहरु छन् ति सबैविना पनि रहँदैनन् अर्थात् तिमीले युद्ध नगरे पनि यी सबैको नाश हुनेछ।

तस्मात्वमुत्तिष्ठ यशो लभस्व
जित्वा शत्रुन् भुङ्क्ष्व राज्यं समृद्धम् ।
मयैवैते निहितः पूर्वमेव
निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥

भा.टी.- यस निमित्त तिमी उठ , खडा हौं , यश प्राप्त गर, शत्रुहरुलाई जितेर धनधान्यले सम्पन्न भएका राज्यको भोग गर । यी सबै शुरवीर पहिल्यै मद्वारा मारिएका छन् । हे सव्यसाचिन ! तिमी त केवल निमित्त मात्रै हौ ।

द्रोणं च भीष्मं च जयद्रथं च
कर्ण तथान्यानपि योधवीरान् ॥
मया हतांस्त्वं जहि मा व्यथिष्ठा युध्यस्व
जेतासि रणे सपत्नान् ॥३४॥

भा.टी.- फेरि यी द्रोणाचार्य र भीष्मपितामह तथा जयद्रथ , कर्ण र अरु अरु पनि धेरै मद्वारा मारिएका शूरवीर योद्धाहरुलाई तिमी मार , भय नगर, निःसन्देह तिमी युद्धमा बैरीहरुलाइ जित्नेछौ यस निमित्त, युद्ध गर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सञ्जय उवाचः

एतच्छ्रुत्वा वचनं केशवस्य
कृताञ्जलिर्वेपमानः किरीटी ।
नमस्कृत्वा भूय एवाह कृष्णं
सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥

भा.टी.- तहाँ उप्रान्त संजय भन्दछन् कि हे राजन्! केशव भगवानका यस्ता वचन सुनेर मुकुटधारी अर्जुन हात जोडेर काम्दै नमस्कार गरेर फेरि पनि भयभीत भएर प्रणाम गरि भगवान श्रीकृष्णका सामुन्ने गद्गद् वाणीले बोले ।

अर्जुन उवाचः

स्थाने हृषिकेश तव प्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यते च ।
राक्षांसि भीतानि दिशो द्रवन्ति
सर्वे नमस्यन्ति च सिद्धसंघाः ॥३६॥

भा.टी.- हे अन्तर्यामी ! यो योग्य नै हो कि जो हजुरका नाम र प्रभावका कीर्तनले जगत अत्ति हर्षित हुन्छन् अरु अनुरागमा पनि प्राप्त हुन्छन् । फेरि भयभीत भएका राक्षसहरु पनि दिशाहरुमा भाग्दछन् अरु सबै सिद्धगणहरुका समूदाय नमस्कार गर्दछन्, अर्थात् स्तुति भक्ति आदि गर्दछन् ।

कस्माच्च ते न नमेरन्महात्मन्
गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनन्त देवेश जगन्निवास
त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

भा.टी.- हे महात्मन् ! ब्रह्माका पनि आदिकर्ता सबैभन्दा ठूला हजुरका लागि ति कसरी नमस्कार गर्दैनन्, किनभने हे अनन्त ! हे देवेश ! हे जगन्निवास ! जो सत् असत् र तिनीहरुदेखि पर अक्षर अर्थात् सच्चिदानन्दघन ब्रह्म छ त्यो हजुरनै हुनुहुन्छ ।

त्वमादिदेवः पुरुषः पुराणस्त्वमस्य
विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरुप ॥३८॥

भा.टी.- हे प्रभो ! हजुर आदिदेव र सनातन पुरुष हुनुहुन्छ , हजुरै यस जगतको परम आश्रय र जान्नेवाला फेरि जान्नयोग्य अरु परमधाम हुनुहुन्छ , हे अनन्तरुप ! हजुरैदेखि यो सम्पुर्ण जगत व्याप्त छ अर्थात परिपूर्ण छ ।

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः
प्रजापतिस्त्वं प्रपितामहश्च ।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- हे हरि ! हजुर वायु, यमराज, अग्नि, वरुण, चन्द्रमा तथा प्रजाका स्वामी ब्रह्मा र ब्रह्माका पनि पिता हुनुहुन्छ । यस निमित्त हजुरलाई हजारौं बार नमस्कार छ, हजुरलाई फेरि पनि बारम्बार नमस्कारै नमस्कार छ ।

नमः पुरस्तादथ पृष्ठतस्ते
नमोऽस्तु ते सर्वत एव सर्व ।
अनन्तवीर्यामितविक्रमस्त्वं
सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥४०॥

भा.टी.- हे अनन्त सामर्थ्यवाला ! हजुरलाई अगाडि र पछाडिदेखि पनि नमस्कार छ, हे सर्वात्मन् ! हजुरलाई सबैतिरबाट नमस्कार छ किनभने अनन्त पराक्रमशाली तपाईंले सबै संसारलाई व्याप्त गरेको छ यस निमित्त हजुरै सर्वस्वरुप हनुहुन्छ ।

सखेति मत्वा प्रसभं यदुक्तं
हे कृष्ण हे यादव हे सखेति ।
अजानता महिमानं तवेदं
मया प्रमादात्प्रणयेन वापि ॥४१॥

भा.टी.- हे परमेश्वर ! सखा (साथी) यस्तो मानेर तपाईका यस प्रभावलाई नजानी मद्वारा प्रेमले अथवा प्रमादपनाले (पागलपनले) पनि हे कृष्ण ! हे यादव ! हे सखे ! यस्ता प्रकारले जो हठपूर्वक भनियो ।

यच्चावहासार्थमसत्कृतोऽसि
विहारशय्यासनभोजनेषु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकाऽथवाप्यच्युत तत्समक्षं
तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥

भा.टी.- हे अच्युत जो तपाई हँसीका निमित्त विहार (खेलवाड) शैया(विस्तरा) आसन र भोजनादिहरुमा एक्लै अथवा ति सखा (साथी) हरुका सामुन्ने पनि अपमानित गरिनुहुन्छ त्यो सम्पूर्ण अपराध अप्रमेय रुष अर्थात् अचिन्त्य प्रभाववाला हजुरसँग म क्षमा याचना गर्दछु अर्थात् क्षमा माग्दछु ।

पितासि लोकस्य चराचरस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ।
न त्वत्समोऽस्त्यभ्यधिकः कुताऽन्यो
लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

भा.टी.- हे विश्वेश्वर ! हजुरनै यो चराचर जगतका र गुरुका पनि बडा गुरु एवं अत्यन्त पुजनीय हुनुहुन्छ । हे अतिशय प्रभावशाली ! तीनै लोकमा हजुरका समान दोस्रो काही पनि छैन, फेरि यसदेखि बढ्ता कसरी हुन सक्छ ।

तस्मातत्प्रणम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीड्यम् ।
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

भा.टी.- त्यसकारण हे प्रभो ! म यो शरीरलाई राम्रा प्रकारले हजुरका चरणमा राखेर अनि प्रणाम गरेर स्तुति गर्न योग्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हजुरलाई प्रसन्न गर्नका निमित्त प्रथाना गर्दछु, हे देव ! जस्तै पिता पुत्रलाई र सखा जस्तै साथीलाई अनि जस्तै पति प्रिय स्त्रीका अपराधलाई क्षमा गर्ने हुन्छन् , उस्तै हजुर पनि मेरा अपराधलाई सहन गर्नको निमित्त योग्य हुनुहुन्छ ।

अदृष्टपूर्वं हृषिताऽस्मि दृष्ट्वा
भयेन च प्रव्यथितं मनो मे ।
तदेव मे दर्शय देव रुपं
प्रसीद देवेश जगन्निवास ॥४५॥

भा.टी.- हे विश्वमुर्ते ! मैले पहिले नदेखेको आश्चर्यमय हजुरको यस रुपलाइृ देखेर हर्षित भैरहेको छु । अरु मेरो हृदय भय (डर) ले अत्यन्त व्याकुल पनि भै रहेको छ । यस निमित्त हे देव ! हजुरले यो आफ्नो चतुर्भुजी रुपलाई नै मेरा निमित्त देखाईदिनुहोस, हे देवेश ! हे जगन्निवास ! प्रसन्न हुनुहोस् ।

किरीटिनं गदिनं चक्रहस्तमिच्छामि
त्वां द्रष्टुमहं तथैव ।
तेनैव रुपेण चतुर्भुजेन
सहस्रबाहो भव विश्वमुर्ते ॥४६॥

भा.टी.- अनि फेरि हे विष्णो ! म उस्तैनै हजुरको मुकुट धारण गरेको तथा गदा र चक्र हातमा लिएको रुप हेर्नाको इच्छा गर्दछु। यस निमित्त हे विश्वरुप ! हे सहस्रबाहो ! हजुर उसै चतुर्भुजरुपले युक्त हुनुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीभगवानुवाच

मया प्रसन्नेन तवार्जुनेदं
रुपं परं दर्शितमात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं
यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

भा.टी.- यस्ता प्रकार अर्जुनका प्रश्न सुनेर श्रीकृष्ण भगवान आज्ञा गर्नुहुन्छ कि हे अर्जुन ! प्रसन्नतापूर्वक मैले आफ्ना योगशक्तिका प्रभावले यो मेरो परम तेजोमय सबैको आदि र सीमारहित विराट् स्वरुप तिमीलाई देखाईदिएँ जो कि तिम्रा सिवाय दोस्रालाई पहिले देखाएको थिईन ।

न वेदयाज्ञाध्ययनैर्न दानैर्न
च क्रियाभिर्न तपोभिरुग्रैः ।
एवंरुपः शक्य अहं नृलोके
द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥४८॥

भा.टी.- हे कुरुवीर अर्जुन ! मनुष्यलोकमा यस्ता प्रकारले विश्वरुपवाला मलाई न वेद र यज्ञादिका अध्ययनले तथा न त दान गर्नाले न क्रियाहरुले फेरि न उग्र अर्थात अत्यन्त कठिन तपस्याले नै तिम्रा सिवाय दोस्राले देखिन शक्य छु अर्थात् यो मेरो विराटस्वरुप तिम्रा सिवाय अरुलाई देखाउन सक्दिन अर्थात देखाउँदिन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मा ते व्यथा मा त विमूढभावो
दृष्ट्वा रुप घोरमीदृङ्ममेदम् ।
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं
तदेव मे रुपमिदं प्रपश्य ॥४९॥

भा.टी.- यस्ता प्रकारले मेरा यस विकराल रुपलाई देखेर तिमीलाई व्याकुलता नहोस, अरु मूढभाव (मूर्खपना) पनि न भै फेरि भयरहित प्रीतियुक्त मनवाला तिमी त्यसै मेरा यस (शंख, चक्र, गदा, पद्म सहितको) चतुर्भुजरुपलाई फेरि हेर ।

सञ्जय उवाच

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा
स्वकं रुपं दर्शयामास भूयः ।
आश्वासयामास च भीतमेनं
भुत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥

भा.टी.- तहाँ उप्रान्त सञ्जय भन्दछन् कि हे महाराज ! वासुदेव भगवानले अर्जुनका प्रति यस्ता प्रकारले कहेर फेरि उस्तै आफ्नो चतुर्भुज रुप देखाइदिए फेरि महात्मा कृष्णले सौम्यमूर्ति भएका अर्जुनलाई धीरज दिदा भए ।

अर्जुन उवाच

दृष्ट्वेदं मानुषं रुपं तव सौम्यं जनार्दन ।
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिंगतः ॥५१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- तहाँ उप्रान्त अर्जुन विन्ती गर्दछन् कि हे जनार्दन ! हजुरका यस अत्यन्त शान्तिमय मनुष्यरुपलाई देखेर अब म शान्तचित्त भएर आफ्ना स्वभावमा प्राप्त भएँ अर्थात् पहिले जस्तो थिएँ अब उस्तै भएँ ।

श्रीभगवानुवाच

सदुर्दर्शमिदं रुपं दृष्टवानसि यन्मम ।
देवा अप्यस्य रुपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥

भा.टी.- यस्ता प्रकारका अर्जुनका प्रश्न सुनेर श्रीकृष्ण भगवान आज्ञा गर्नु हुन्छ हे अर्जुन ! मेरो यो चतुर्भुजरुप देख्न अत्यन्त दुर्लभ छ जसलाई तिमीले देख्यौ, किनभने देवता पनि सदा यस रुपको दर्शन गर्ने ईच्छा गर्दछन् ।

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया ।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥

भा.टी.- अनि हे अर्जुन ! न वेदहरुदेखि न तपस्याले न दानले र न यज्ञहरु गर्नाले नै यस प्रकार चतुर्भुजरुप म देखिन सक्छु , जस्तो मेरो रुप तिमीले देखेका छौ ।

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन ।
ज्ञातुं द्रष्टुं च तत्वेन प्रवेष्टुं च परंतप ॥५४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- तर हे श्रेष्ठ ! तपस्यावाला अर्जुन ! अनन्य भक्ति गरेर यस्ता प्रकारको चतुर्भूजरुपवाला मलाई प्रत्यक्ष हेर्नका निमित्तमा र तत्वदेखि जान्नका लागी अथा प्रवेश गर्नका गर्नका लागी अर्थात् एकै भावले प्राप्त हुनका लागि पनि शक्य छु ।

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

भा.टी.- हे अर्जुन ! जो पुरुष केवल मेरै लागि (सबे मेरै सम्झेर) यज्ञदान र तप आदि सम्पूर्ण कर्तव्य कर्महरुलाई गर्दछ अरु फेरी मैमा परायण छ अर्थात् मैमा परम आश्रय र परम गति मानेर मेरा प्राप्तिका लागि तत्पर छ , तथा भक्त छ अर्थात् मेरा नाम गुण प्रभाव र रहस्यको श्रवण कीर्तन मनन ध्यान र पठन पाठनले प्रेमसहित निष्काम भावले निरन्तर अभ्यास गर्नेवाला छ अरु आसक्ति रहिक्त छ अर्थात स्त्री पुत्र र धनादि सम्पूर्ण सांसारिक पदार्थहरुमा स्नेह रहित छ अनि सम्पूर्ण भुत प्राणीहरुमा वैरभावले रहित यस्तो त्यो अनन्य भक्तिवाला पुरुष मैमा प्राप्त हुन्छ ।

ॐ तत्सदित्ति श्रीमदभागवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णअर्जुनसंवादे विश्वरुपदर्शन योगो नाम एकादशोऽध्यायः ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

द्वादशोऽध्याय

अर्जुन उवाच

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥

भा.टी.- यस्ता प्रकारका भगवानका वचन सुनेर अर्जुन विन्ति गर्दछन् हे मनमोहन ! जो अनन्य प्रेमीभक्त जन यस पूर्वोक्त प्रकारले निरन्तर हजुरका भजन ध्यानमा लागेर हजुर सगुणरुप परमेश्वरको अत्यन्त श्रेष्ठ प्रकारले उपासना गर्दछन् भने ति दुबै प्रकारका भक्तहरुमा अति उत्तम योगवेत्ता कुन हो ।

श्रीभगवानुवाच

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

भा.टी.- यस्ता प्रकारले अर्जुनको प्रश्न सुनेर भगवान श्रीकृष्ण आज्ञा गर्नुहुन्छ हे अर्जुन ! मैमा मनलाई एकाग्र गरेर निरन्तर मेरै भजन ध्यानमा लागेका जो भक्तजन अतिशय श्रेष्ठ श्रद्धाले युक्त भएर म सगुण स्वरुप परमेश्वरको नै भजन गर्दछ भने यो मेरो भक्त योगीहरुमा पनि अत्यन्त उत्तम योगी मान्य हो अर्थात् त्यसलाई म अत्यन्त श्रेष्ठ मान्दछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥
संनियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

भा.टी.- अरु जो पुरुष इन्द्रियहरुका समुदायलाई राम्रा प्रकारले वशमा गरेर समबुद्धिदेखि पर सर्वव्यापी अकथनीय स्वरुप र सदा एकरस रहनेवाला नित्य अचल निराकार अविनाशी सच्चिदानन्दघन ब्रह्मलाई निरन्तर एकै भावले ध्यान गर्दै उपासना गर्दछन् भने ति सम्पूर्ण भूतहरुका हितमा रत भएर अरु सबैमा समान भाववाला योगी पनि मैमा नै प्राप्त हुन्छन् अर्थात् त्यो पनि आखिरीमा आएर मिल्दछ ।

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःख देहवद्भिरवाप्यते ॥५॥

भा.टी.- परन्तु ती सच्चिदानन्दघन निराकार ब्रह्ममा आसक्त भएका चित्तवाला पुरुषहरुको साधनमा क्लेश अर्थात परिश्रम विशेष किनभने देहाभिमानीहरुले अव्यक्त विषयको गति दुःखपूर्वक प्राप्त गरिन्छ अर्थात जबसम्म शरीरमा अभिमान रहन्छ तब सम्म शुद्ध सच्चिदानन्दघन निराकार ब्रह्ममा स्थित हुन कठिन छ ।

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- अरु जो ममा परायण भएका भक्तजन सम्पूर्ण कर्महरुलाई मैमा समर्पण गरेर म सगुणस्वरुप परमेश्वरलाई नै अनन्य ध्यानयोगले निरन्तर चिन्तन गर्दै भजन गर्दछन् ।

तेषामहं समुद्धर्ता मृत्युसंसार सागरात् ।
भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥

भा.टी.- हे अर्जुन ! ति ममा चित्त लाउने प्रेमी भक्तहरुलाई म छिटै मृत्युरुपी संसार समुद्रदेखि उद्धार गर्ने छु ।

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।
निवसिष्यसि मय्येव अत ऊर्ध्व न संशयः ॥८॥

भा.टी.- यस निमित्त हे अर्जुन ! तिमी मैमा मन लगाएर फेरि मैमा बुद्धि पनि लगाउ यस उप्रान्त तिमी ममा नै निवास गरौला अर्थात ममा नै प्राप्त हौला, यसमा केहि पनि संशय छैन ।

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ॥९॥

भा.टी.- फेरि तिमी आफ्ना मनलाई ममा अचल गरेर स्थापना गर्नका लागि सामर्थ्यवान छैनौ भने त हे अर्जुन ! अभ्यासरुपी योगद्वारा मेरा प्राप्ति गर्नका निमित्त ईच्छा गर ।

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ।
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- यदि तिमी माथि भनिएका अभ्यासमा पनि सामर्थ्य छौ भने केवल मेरा लागि कर्म गर्नमा नै परायण होऊ । यस प्रकार मेरा लागि कर्मादि गरेर पनि मेरो प्राप्ति रुप सिद्धिमा नै प्राप्त हुनेछौ ।

अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः ।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ॥११॥

भा.टी.- यदि यसलाई पनि गर्नका लागि असमर्थ छौ भने त जितेका मनवाला र मेरा प्राप्तिरुपी योगका शरण भएका सबै कर्मादिका फलको मेरालागि त्याग गर ।

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२॥

भा.टी.- किनभने मर्म नजानेर गरेका अभ्यास भन्दा परोक्षज्ञान असल हो , फेरि परोक्षज्ञानभन्दा परमेश्वरका स्वरुपको ध्यान श्रेष्ठ हो , अनि ध्यान भन्दा पनि सबै कर्म फलको मेरा निमित्त अर्पण गर्नु श्रेष्ठ हो अरु त्यागले तत्काले परम शान्ति मिल्दछ ।

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ।
निर्ममो निरहंकारः समदुःखसुखः क्षमी ॥१३॥

भा.टी.- यस प्रकारले शान्तिमा प्राप्त भैसकेको पुरुष सबै भूतहरुमा रीसराग रहित एव स्वार्थ रहित सबैको प्रेमी र हेतुरहित तथा ममतादेखि रहित एवं अहंकारले रहित सुखदुःखादिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्तिमा सम र क्षमतावान छ अर्थात अपराध गर्नेलाई पनि अभय दिने ।

संतुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥१४॥

भा.टी.- फेरि जो ध्यानयोग युक्त भएको, निरन्तर लाभ हानिमा सन्तुष्ट छ, तथा मन र ईन्द्रिय सहितको शरीरलाई वशमा गरेर ममा दृढनिश्चयवाला छ, त्यो ममा अर्पण गरेको मन बुद्धिवाला मेरो भक्त मेरो प्रिय छ ।

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥१५॥

भा.टी.- जसदेखि कोही जीव पनि उद्वेगमा प्राप्त हुँदैन अरु जो (स्वयं पनि) कसै जीवदेखि उद्वेगतामा प्राप्त हुदैन, फेरि जो हर्ष अमर्ष भय र उद्वेगादिहरुदेखि रहित छ ,त्यहि भक्त मेरो अत्यन्त प्रिय छ ।

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥१६॥

भा.टी.- जो पुरुष आकांक्षादेखि रहित तथा बाहिरभित्र देखि शुद्ध र चतुर छ अर्थात् जुन कामका लागि आएको थियो उसैलाइ पुरा गरिसकेको छ, फेरि पक्षपातदेखि रहित र दुःखबाट छुटेको त्यो सर्व आरम्भादिको त्यागी मेरो भक्त मेरो प्रिय छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति ।
शुभाशुभपरित्यागी भक्तिमान् यः स मे प्रियः ॥१७॥

भा.टी.- फेरि जो न कहिले हर्षित हुन्छ, न द्वेष(रीस) गर्छ, न शोच गर्छ, न कामना गर्छ , फेरि जो शुभ अशुभ सम्पूर्ण कर्महरुका फलको त्यागी छ त्यो भक्तियुक्त पुरुष मेरो प्रिय छ।

समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥

भा.टी.- फेरि अरु जो पुरुष शत्रु मित्रमा र मान अपमानमा सम छ तथा सर्दी गर्मी अर्थात् जाडो गर्मी र सुखदुःखादिको द्वन्दादिमा सम छ अनि सबै संसारमा आसक्तिदेखि रहित छ ।

तुल्यनिन्दास्तुतिर्मौनी संतुष्टो येन केनचित् ।
अनिकेतः स्थिरमतिर्भक्तिमान् मे प्रियो नरः ॥१९॥

भा.टी.- फेरि जो निन्दा र स्तुतिलाई समान सम्झने अति मननशील छ एवं कुनै प्रकारले पनि शरीर निर्वाह भएमा सदा सन्तुष्ट छ , फेरि बस्ने ठाउँ घर आदिमा ममताले रहित छ त्यो स्थिर बुद्धिवाला भक्तिमान पुरुष सदा मेरो प्रिय छ।

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- अरु जो ममा परायण भएका श्रद्धायुक्त पुरुष यस अगाडि भनिएका धर्ममय अमृतलाई निष्काम भावले सेवन गर्दछन् त भक्त मेरा अतिशय प्रिय छन् ।

ॐ तत्सदित्ति श्रीमदभगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे भक्तियोगो नाम द्वादशोऽध्याय: ॥१२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भागवतगीता

त्रयोदशोऽध्यायः

भगवानुवाच

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥१॥

भा.टी.- तहाँ उप्रान्त भगवान श्रीकृष्ण भगवान् फेरि आज्ञा गर्नु हुन्छ हे अर्जुन ! यो शरीर क्षेत्र हो , अरु यसलाई जो पुरुष जान्दछ त्यसलाई क्षेत्रज्ञ भन्ने यस्तो तिनको तत्व जान्नेवाला ज्ञानीजन भन्दछन् ।

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तत्तज्ज्ञानं मतं मम ॥२॥

भा.टी.- अरु हे अर्जुन ! तिमी सबै क्षेत्रहरुमा क्षेत्रज्ञ अर्थात् जीवात्मा पनि मलाई नै जान अरु क्षेत्र र क्षेत्रज्ञको अर्थात् विकार सहित प्रकृतिको र पुरुष जो तत्वदेखि जान्नु हो त्यो ज्ञान हो भन्ने यस्तो मेरो मत छ ।

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ।
स च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- त्यो क्षेत्र जो अरु जस्तो हो तथा जुन विकारवाला छ अरु जुन कारणले जो भएको छ अनि त्यो क्षेत्रज्ञ पनि जो छ अरु अरु जुन प्रभाववाला छ त्यो सबै संक्षेपले मबाट सुन ।

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसुत्रपदैश्चैव हेतुमद्‌भिर्विनिश्चितैः ॥४॥

भा.टी.- यो क्षेत्र र क्षेत्रज्ञको तत्व ऋषिहरुद्वारा धेरै प्रकारले बताईएको छ अर्थात् सम्झाईएको छ अरु नानाप्रकारका वेद मन्त्रहरुले विभागपूर्वक बताईएका छन् , फेरि राम्रो निश्चय गरिएका युक्तियुक्त ब्रह्मसुत्रका पदहरुद्वारा पनि उस्तै नै भनिएको छ ।

महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥५॥

भा.टी.- हे अर्जुन ! अनि म तिम्रा लागि भन्दछु कि पाँच महाभूत अहंकार बुद्धि र मूलप्रकृति अर्थात् त्रिगुणमयी माया पनि र फेरि दश ईन्द्रियहरुका विषय अर्थात् शब्द, स्पर्श, रुप, रस, गन्ध ।

इच्छा द्वेषः सुखं दुःखं संघातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६॥

भा.टी.- इच्छा, द्वेष, सुख, दुःख, र स्थुल देहको पिण्ड अरु चेतनता र धृति यस प्रकारले यो क्षेत्र विकारादिका सहित संक्षेपले भनियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥७॥

भा.टी.- हे अर्जुन ! श्रेष्ठताका अभिमानको अभाव, दम्भाचरणको अभाव , प्राणीमात्रलाई कुनै प्रकारले पनि नसताउनु अरु क्षमाभाव फेरि मन , वाण(ीको सरलता, श्रद्धाभक्ति सहित गुरुको सेवा , बाहिरभित्रको शुद्धि र अन्तःकरणको स्थिरता, मन र इन्द्रियादि सहित शरीर निग्रह ।

इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥

भा.टी.- यो लोक र परलोक सम्पूर्ण भोगादिमा आसक्तिको अभाव अर्थात आसक्ति नहुनु अरु अहंकारको पनि अभाव एवं जन्म ,मृत्यु, जरा र रोगादिमा दुःख दोषादिको बारम्बार विचर गर्नु ।

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥

भा.टी.- फेरि पुत्र, स्त्री ,घर र धनादिमा आसक्तिको अभाव अरु ममता कत्ति पनि नहुनु फेरि प्रिय र अप्रियादि वस्तुका प्राप्तिमा सदा सर्वदा चित्तलाई समानतामा राख्नु अर्थात् मनको अनुकुल र प्रतिकुल प्राप्त हुँदा पनि शोकादि विकार नहुनु ।

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- अनि फेरि म परमेश्वरमा एकै भावले स्थितयोग ध्यानयोगका द्वारा अव्यभिचारिणी भक्ति तथा एकान्त र शुद्ध देशमा रहनाको स्वभाव अरु विषयासक्त मनुष्यहरुको समूदायमा प्रेम नहुनु ।

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११॥

भा.टी.- अनि अध्यात्म ज्ञानमा सदा स्थित र तत्वज्ञानका अर्थरुप परमात्मालाई सर्वत्र देख्नु, यो सबै ज्ञान हो अरु जो यस देखि विपरीत छ त्यो अज्ञान हो भन्ने यस्तो भनिएको छ ।

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२॥

भा.टी.- अरु पनि हे अर्जुन ! जो जान्न योग्य छ तथा जसलाई जानेर मनुष्य परमानन्दमा प्राप्त हुन्छ त्यो राम्रा प्रकारले कहन्छु, त्यो आदिरहित परब्रह्म अकथनीय हुनाले न सत् भनिन्छ न असत् भनिन्छ ।

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥

भा.टी.- तर ति सबै तर्फबाट हातपाउ वाला र अनि सबै तर्फबाट नेत्र शिर मुखवाला , फेरि सबै तर्फबाट कानवाला छन् , किनभने ति संसारमा सबैलाई व्याप्त गरेर स्थित छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१४॥

भा.टी.- सम्पूर्ण ईन्द्रियादिका विषयादिलाई जान्ने छ, तर वास्तवमा सबै ईन्द्रियादिले रहित छ फेरि आसक्तिरहित र गुणहरुदेखि अतीत भएर पनि आफ्नी योगमायाले सबैको धारण पोषण गर्ने र गुणहरुको भोग गर्ने हो ।

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्ति के च तत् ॥१५॥

भा.टी.- अनि ति परमात्मा चराचर सबै भूतादिक बाहिरभित्र परिपूर्ण छन् , चर अचर रुप पनि उनै हुन्, फेरि त्यो सूक्ष्म हुनाले अविज्ञेय छन् , अनि फेरि अत्यन्त नजीकै र टाढा पनि उस्तै स्थित छन् ।

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

भा.टी.- अनि फेरि त्यो विभागरहित एकै रुपले आकाशका सदृश परिपूर्ण भएर पनि चराचर सम्पूर्ण भूतादिमा पृथक-पृथकका सदृश स्थित प्रतीत हुन्छ तथा त्यो जान्न योग्य परमात्मा विष्णुरुपले भूतादि धारण पोषण गर्ने र रुद्ररुपले संहार गर्ने फेरि ब्रह्मारुपले सबैलाई उत्पन्न गर्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥

भा.टी.- अनि त्यो ब्रह्म ज्योतिरुपको पनि ज्योति एवं मायादेखि अति पर भनिन्छ फेरि ति परमात्मा बोधरुप र जान्नयोग्य अनि तत्वज्ञानले प्राप्त हुने सबैका हृदयमा स्थित छन् ।

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः ।
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥

भा.टी.- हे अर्जुन ! यसप्रकार क्षेत्र र तथा ज्ञान र जान्नयोग्य परमात्माको स्वरुप संक्षेपले भनियो , यसलाई तत्वसहितले जानेर मेरा मेरै स्वरुपमा प्राप्त हुन्छन् ।

प्रकृतिं पुरुषं चैव विद्धचनादी उभावपि ।
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसंभवान् ॥१९॥

भा.टी.- अरु हे अर्जुन ! प्रकृति अर्थात त्रिगुणमयी मेरी माया र जीवात्मा अर्थात् क्षेत्रज्ञ यी दुबैलाई नै तिमी अनादि अरु राग द्वेषादि विकारहरुलाई र त्रिगुणात्मक सम्पूर्ण पदार्थहरुलाई पनि प्रकृतिदेखि नै उत्पन्न भएका मान्ने जान ।

कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- किनभने कार्य र कारणलाई उत्पन्न गर्नमा हेतु प्रकृति कहिएकी छन्, फेरि जीवात्मा सुखदुःखादिका भोक्तापनमा अर्थात् भोग्नका लागी भनिएको हो ।

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान् ।
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥२१॥

भा.टी.- परन्तु प्रकृतिमा स्थित भएकोले नै पुरुष प्रकृतिदेखि उत्पन्न भएका त्रिगुणात्मक सबै पदार्थलाई भोग गर्दछ, अनि फेरी यी गुणहरुको सङ्गनै यस जीवात्माका राम्रा र खराब योनिहरुमा जन्म लिनुका कारण हुन्छ ।

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः ।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥२२॥

भा.टी.- वास्तवमा त यो पुरुष यसै देहमा स्थित भएर पनि परै छ, केवल साक्षी हुनाले उपद्रष्टा र यथार्थ सम्मति दिने हुनाले अनुमन्ता एवम् सबैलाई धारण गर्ने हुनाले भर्ता जीवरुपले भोक्ता र अनि ब्रह्मादिहरुका पनि स्वामी हुँदा महेश्वर शुद्धसच्चिदानन्दघन हुनाले परमात्मा भन्ने यस्तो भनिएको छ ।

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह ।
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजाहते ॥२३॥

भा.टी.- यस्ता प्रकारले पुरुष र गुणहरुका सहित प्रकृतिलाई जो मनुष्य तत्वदेखि जान्दछ त्यो सबै प्रकारले वर्तेर पनि फेरी जन्मदैन अर्थात् पुनर्जन्ममा प्राप्त हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

भा.टी.- हे अर्जुन ! त्यो परमपुरुष परमात्माको कति मनुष्यहरु त शुद्ध भएको शूक्ष्माबुद्धिले ध्यानद्वारा हृदयमा देख्तछन् , फेरि अरु कयौं मनुष्यहरु ज्ञानयोगद्वारा देख्तछन्, अरु कति मनुष्य त निष्काम कर्मयोगद्वारा देख्तछन् ।

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते ।
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥२५॥

भा.टी.- परन्तु यि देखि दोस्रा अर्थात् जो मन्दबुद्धि पुरुष छन् ति स्वयं यस प्रकार न जान्दै दोस्रादेखि तत्वलाई जान्ने भएका पुरुषहरुदेखि सुनेर नै उपासना गर्दछन् , फेरि ति सुन्नलाई परायण भएका पुरुषहरु पनि मृत्युरुपी संसार सागरबाट निःसन्देह तरेर पनि जान्छन् ।

यावत्संजायते किंचित्सत्त्वं स्थावरजङ्गमम् ।
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥

भा.टी.- हे अर्जुन ! यावन्मात्र जोसुकै स्थावर र जङ्गम वस्तु उत्पन्न हुन्छन् ति सम्पूर्णलाई क्षेत्र र क्षेत्रज्ञको संयोगले नै भएका भन्ने जान ।

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ।
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- यस्ता प्रकारले जानेर जो पुरुष नष्ट हुन लागेका सबै चराचर भूतहरुमा नाशरहित परमेश्वरलाई समभावले स्थित देख्दछ, त्यसले नै देख्तछ ।

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥

भा.टी.- किनभने त्यो पुरुष सबैमा समभावले स्थित भएका परमेश्वरलाई समान देख्दै आफैद्वारा आफैलाई नष्ट गर्दैन भने यसले त्यो परम गतिमा प्राप्त हुन्छ ।

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।
यः पश्यति तथात्मानमकर्तारं स पश्यति ॥२९॥

भा.टी.- अरु जो पुरुष सम्पूर्ण कर्महरुलाई सबै प्रकारले प्रकृतिदेखिनै गरिएको देख्दछ, अनि आत्मालाई अकर्ता देख्दछ भने त्यै देख्ने हो अर्थात् देख्दछ ।

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म संपद्यते तदा ॥३०॥

भा.टी.- अनि यो पुरुष जसै कालमा भूतहरुको अलग भावलाई एकै परमात्माका संकल्पका आधारले स्थित भएको देख्दछ, तथा उस परमात्माका संकल्पले नै सम्पूर्ण भूतहरुको विस्तार देख्दछ, भने उसै कालमा सच्चिदानन्दघन ब्रह्ममा प्राप्त हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति लिप्यते ॥३१॥

भा.टी.- हे अर्जुन ! अनादि हुनाले र गुणातीत हुनाले यो अविनाशी परमात्मा शरीरमा स्थित भएर पनि वास्तवमा न गर्दछ न लेपायमानै हुन्छ ।

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥

भा.टी.- जसरी सर्वत्र व्याप्त भएर पनि आकाश शूक्ष्म हुनाले लेपायमान हुँदैन, उस्तै देहमा स्थित भएर पनि आत्मा गुणातीत हुनाले देहका गुणहरुदेखि लेपायमान हुँदैन ।

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥

भा.टी.- हे अर्जुन ! जस्ता प्रकारले एउटै सूर्यले यो सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित गर्दछन् , उस्तै प्रकारले एकै आत्माले सम्पूर्ण क्षेत्रलाई प्रकाशित गर्दछ । अर्थात् नित्यबोध स्वरुप आत्माकै सत्ताले सम्पूर्ण जडवर्ग प्रकाशित हुन्छ ।

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- यस्ता प्रकारले क्षेत्र र क्षेत्रज्ञको भेद तथा विकार सहित प्रकृतिदेखि छुट्नको उपाय जो पुरुष ज्ञाननेत्रद्वारा तत्वदेखि जान्दछन् ती महात्माजन परब्रह्म परमात्मामा प्राप्त हुन्छन् ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे क्षेत्रक्षेत्रज्ञविभागयोगो नाम त्रयोदशोऽध्यायः ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भागवतगीता

चतुर्दशोऽध्यायः

श्रीभगवनुवाच

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥

भा.टी.- तहाँ उप्रान्त श्रीकृष्ण भगवान् आज्ञा गर्नुहुन्छ हे अर्जुन ! ज्ञानमा पनि अति उत्तम ज्ञान फेरि तिम्रा लागि भन्दछु, जसलाई जानेर सबै मुनीजन यस संसारदेखि मुक्त भएर परमसिद्धिमा प्राप्त भएथें ।

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥

भा.टी.- हे अर्जुन ! यो ज्ञानको आश्रय गरेर अर्थात् धारण गरेर मेरा स्वरुपमा प्राप्त भएका पुरुष सृष्टिका आदिमा पुनः फेरि उत्पन्न हुदैनन् । प्रलयकालमा पनि व्याकुल हुदैनन् किनभने तिनका दृष्टिमा म वासुदेवदेखि भिन्न अरु केही वस्तु छैन ।

मम योनिर्महद्ब्रह्म तस्मिन्गार्भं दधाम्यहम् ।
सम्भवः सर्वभूतानां ततो भवति भारत ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- हे अर्जुन ! मेरी महद् ब्रह्मरुपी प्रकृति अर्थात् त्रिगुणमयी माया भूतहरुकी योनि हुन् अर्थात् गर्भाधानको स्थान हो , फेरि म त्यो योनिमा चेतनरुपी वीजको स्थापना गर्दछु, त्यस जड चेतनका संयोगले सबै भूतहरुको उत्पत्ति हुन्छ ।

सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः ।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ॥४॥

भा.टी.- अनि हे अर्जुन ! नाना प्रकारका सबै योनिहरुमा जति प्रकारका मूर्तिहरु अर्थात् शरीर उत्पन्न हुन्छन् ती सबैकी त्रिगुणमयी माया नै गर्भमा धारण गर्ने माता हुन्, अरु फेरि स्वयं म वीजलाई स्थापना गर्ने पिता हूँ ।

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसंभवाः ।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ॥५॥

भा.टी.- फेरि हे अर्जुन ! सत्वगुण, रजोगुण र तमोगुण यस्ता यि प्रकृतिदेखि उत्पन्न भएका तीनै गुण यस अविनाशी जीवात्माका शरीरमा बाँधिन्छन् ।

तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम् ।
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ॥६॥

भा.टी.- हे निष्पाप ! ति तिनै गुणहरुमा प्रकाश गर्ने निर्विकार र सत्यगुणता निर्मल हुनाका कारण सुखका आशक्तिले र ज्ञानका आसक्तिले अर्थात ज्ञानका अभिमानले बाँधदछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ।
तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनम् ॥७॥

भा.टी.- हे अर्जुन ! रागरुपी रजोगुणलाई कामना र आसक्तिदेखि उत्पन्न भएको भन्ने जान, त्यो यस जीवात्मालाई कर्महरुका र तिनका फलका आसक्तिले बाँध्दछ ।

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ॥८॥

भा.टी.- फेरि हे अर्जुन ! सर्व देहाभिमानीहरुलाई मोहाउने अर्थात् मोह गर्ने तमोगुणलाई अज्ञानदेखि उत्पन्न भएको भन्ने जान । त्यो यस जीवात्मालाई प्रमाद(पागलपन) आलस्य र निन्द्राद्वारा बाँधदछ ।

सत्त्वं सुखे संजयति रजः कर्मणि भारत ।
ज्ञानमावृत्य तु तमः प्रमादे संजयत्युत ॥९॥

भा.टी.- किनभने हे अर्जुन ! सत्वगुण जो छ त्यो सुखमा लगाउँछ अरु रजोगुण जो छ त्यो कर्ममा लगाउँछ, फेरि तमोगुण चाहिँ त आच्छादित गरेर अर्थात् ढाकेर पागलपनामा लगाउँछ ।

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत ।
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ॥१०॥

भा.टी.- हे अर्जुन ! रजोगुण र तमोगुणलाई दबाएर सत्वगुण हुन्छ अर्थात् सत्वगुण बढ्छ । फेरि रजोगुण र सत्वगुणलाई दबाएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तमोगुण बढ्छ, उस्तै फेरि तमोगुण र सत्वगुणलाई दबाएर रजोगुण बृद्धि हुन्छ ।

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ।
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्त्वमित्युत ॥११॥

भा.टी.- यस निमित्त जुन कालमा यस देहमा तथा अन्तःकरण र ईन्द्रियहरुमा चेतना र बोधशक्तिको उत्पत्ति हुन्छ त्यसकालमा यस्तो जान्नु पर्छ कि सत्वगुण बढ्छ ।

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ।
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

भा.टी.- फेरि महाबाहो ! रजोगुणको वृद्धि भएपछि लोभ र प्रवृति अर्थात् सांसारिक चेष्टा तथा सबै प्रकारका कर्महरुको स्वार्थबुद्धिले आरम्भ एवं अशान्ति अर्थात् मनको चञ्चलता र विषय भोगादिको लालसा यी सबै उत्पन्न हुन्छ ।

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

भा.टी.- हे अर्जुन ! तमोगुणको वृद्धि भएपछि अन्तःकरण ईन्द्रियहरुमा अप्रकाश एवं कर्तव्यकर्ममा अप्रवृत्ति र प्रमाद अर्थात व्यर्थ चेष्टा अनि निद्रादि अन्तःकरणका मोहनी वृत्तिहरु यि सबै उत्पन्न हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

भा.टी.- अनि हे अर्जुन ! जब यो जीवात्मा सत्वगुणका वृद्धिमा अर्थात् सत्वगुणको उदय भएका बेलामा मर्दछ , तब त त्यो उत्तम कर्म गर्ने मलरहित अर्थात् दिव्य स्वर्गादि उत्तम लोकमा प्राप्त हुन्छ ।

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते ।
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥१५॥

भा.टी.- फेरि रजोगुणको वृद्धि भएको बेलामा मृत्यु भएमा कर्मादिका आसक्तिवाला मनुष्यमा उत्पन्न हुन्छ । तमोगुण वृद्धि भएको बेलामा मरेका पुरुष मूढ (किट, पतङ्ग, पशु आदि) योनिहरुमा उत्पन्न हुन्छ ।

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम् ।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥

भा.टी.- किनभने सात्विक कर्मको त सात्विक अर्थात् सुख, ज्ञान वैराग्यादि निर्मल फल बताइएको छ , अरु राजस कर्मको फल अज्ञान भनिएको छ ।

सत्वात्संजायते ज्ञानं रजसो लोभ एव च ।
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- अनि सत्वगुणदेखि ज्ञान उत्पन्न हुन्छ । फेरि रजोगुणदेखि निःसन्देह लोभ उत्पन्न हुन्छ तथा तमोगुणदेखि प्रमाद र मोह आदि उत्पन्न हुन्छ र त्यसबाछ अज्ञान पनि हुन्छ ।

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥१८॥

भा.टी.- यस निमित्त सत्वगुणमा स्थित स्वर्गादि उच्चलोकमा जान्छन् । अरु रजोगुणमा स्थित राजस पुरुष मध्येमा अर्थात् मनुष्यलोकमै रहन्छ । फेरि ति तमोगुणका कार्य रुपी निन्द्रा प्रमाद र आलस्यादिमा स्थित भएका तामसी पुरुष अधोगतिमा अर्थात् कीट, पशु आदि नीच योनिमा प्राप्त हुन्छन् अर्थात् तिनै निच योनिमा गएर जन्म हुन्छ ।

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥१९॥

भा.टी.- हे अर्जुन ! जसकालमा द्रष्टा अर्थात् समष्टि चेतनामा एकीभावले स्थित भएको साक्षी पुरुष तीनै गुणहरुका सिवाय अरु कसैलाई कर्ता देख्दैन अर्थात् गुणैगुणमा वर्तन्छ भन्ने यस्तो देख्दछ र तीनै गुणदेखि अनिपर सच्चिदानन्दघन मै वासुदेव परमात्मालाई तत्वदेखि जान्दछ भने उसकालमा त्यो पुरुष मेरै स्वरुपमा प्राप्त हुन्छ ।

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान् ।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ॥२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- अनि ति पुरुष यिनै स्थिुल शरीरका उत्पत्तिका कारणरुप तीनै रुपहरुको उल्लंघन गरेर जन्म मृन्यु बृद्धावस्था र सबै प्रकारका दुखादिदेखि मुक्त भएर परमानन्दमा प्राप्त हुन्छ ।

अर्जुनउवाच

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो।
किमाचरः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ॥२१॥

भा.टी.- यस्ता प्रकारका रहस्ययुक्त भगवानका वचन सुनेर अर्जुन सोद्धछन् कि हे पुरुषोत्तम ! यी तीनै गुणदेखि अतीत भएका पुरुषहरु कुन कुन लक्षणहरुले युक्त भएका हुन्छन् अरु फेरि कस्ता कस्ता प्रकारका आचरणवाला हुन्छन् अनि हे प्रभो ! मनुष्यहरु कुन उपायले यी तीनै गुणदेखि अतीत हुन्छन् ।

श्रीभगवानुवाच

प्रकाशं च प्रवत्तिं च मोहमेव च पांण्डव ।
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि काङ्क्षति ॥२२॥

भा.टी.- यस्ता प्रकारका अर्जुनका प्रश्न सुनेर भगवान् श्रीकृष्ण आज्ञा गर्नुहुन्छ कि हे कुन्तीपुत्र अर्जुन ! जो पुरुष सत्वगुणका कार्यरुप प्रकाशलाई र रजोगुणका कार्यरुप प्रवृत्तिलाई फेरि तमोगुण कार्यरुपी मोहलाई पनि न त प्रवित्त भएमा खराब सम्झन्छन् फेरि न निवृत्त हुदाँमा तिनको आकाङ्क्षा नै गर्दछन् ।

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते ।
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ॥२३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- फेरि जो साक्षीका सदृश भएर गुणहरुकाद्वारा विचलित गर्न सकिदैन अनि गुणै गुणहरुमा वर्तन्छन् यस्तो सम्झिदै जो पुरुष सच्चिदानन्दघन परमात्मामा एकै भावले स्थित रहन्छ फेरी त्यस स्थितिदेखि चलायमान हुँदैन ।

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः ।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥

भा.टी.- अरु जो आत्मभावमा स्थिर भएर दुःख र सुखलाई समान सम्झनेछ फेरि माटो, पत्थर र सुवर्णादिमा समान भाववाला र धैर्यवान् छ अनि जो प्रिय र अप्रियलाई पनि बराबर सम्झन्छ आफ्नो निन्दा र स्तुतिमा पनि समान भाववाला छ ।

मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥

भा.टी.- फेरि जो मान र अपमानमा सम छ अनि मित्र र शत्रुका पक्षमा पनि समान भाव राख्ने र सम्पूर्ण कार्यका आरम्भमा कर्तापनका अभिमानदेखि रहित भएको पुरुष जो छ त्यो गुणातीत हुन्छ ।

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥

भा.टी.- अरु जो पुरुष अंव्यभिचारी भक्तिरुप योगका द्वारा मेरो निरन्तर भजन गर्दछ भने त्यो यि तीनै गुणहरुलाई राम्रा प्रकारले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उल्लङ्घन गरेर सच्चिदानन्दघन परब्रह्ममा एकै भाव हुनाका लागि योग्य हुन्छ ।

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

भा.टी.- फेरि हे अर्जुन ! अभिनाशी परब्रह्मको र अमृतको अनि नित्य धर्मको र अरु अखण्ड एकरस आनन्दको मै आश्रय हूँ अर्थात उपरोक्त ब्रह्म, अमृत, अव्यय र शाश्वत धर्म, एकान्तिक सुख, यो सबै मेरो नाम हो । यस निमित्त यिनको म परम आश्रय हूँ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे गुणत्रयविभागयोगो नाम चर्तुदशोऽध्यायः ॥१४॥



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भागवतगीता

पञ्चदशोऽध्यायः

श्रीभगवानुवाच

ऊर्ध्वमूलमधः शाखामश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥

भा.टी.- त्यहाँ उप्रान्त भगवान श्रीकृष्ण आज्ञा गर्नहुन्छ हे अर्जुन! आदिपुरुष परमेश्वर मूलवाला ब्रह्मारुप मुख्य शाखा (हाँगा)वाला जुन संसाररुप पीपलका वृक्षलाई आविनाशी भन्दछन् फेरि जसलाई बेदका पात भनिएका छन्, त्यस संसाररुप वृक्षलाई जुन पुरुषले मूल सहित तत्वबाट जान्दछ, त्यो वेदका तात्पर्यलाई जान्नेवाला हो ।

अधश्चोर्ध्व प्रसृतास्तस्य शाखा
गुणप्रवृद्धा विषयप्रवालाः ।
अधश्च मूलान्यनुसंततानि
कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥

भा.टी.- अरु हे अर्जुन ! त्यस संसार वृक्षका तीनै गुणरुपी जलकाद्वारा बढेको एवं विषय भोगरुपी कोपिलावाला देव, मनुष्य र तिर्यक आदि योनिरुप शाखाहरु तल र माथि सर्वत्र फैलिरहेका छन् । फेरि मनुष्य योनिमा कर्मका अनुसार बाँध्नेवाला अहंता, ममता र वासनारुप जराहरु पनि तल र माथि सबै लोकमा व्याप्त भैरहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न रुपमस्येह तथोपलभ्यते
नान्तो न चादिर्न च संप्रतिष्ठा ।
अश्वत्थमेनं सुविरुढमूलमसङ्गशस्त्रेण
दृढेन छित्त्वा ॥३॥

भा.टी.- तर यस संसाररुपी वृक्षको स्वरुप जस्तो भनियो उस्तै यहाँ विचार कालमा पाइँदैन किनभने न त यसको आदि छ न फेरि राम्रा प्रकारले स्थितिनै छ , यस निमित्त यस अहंता , ममता र वासनारुपी अत्यन्त दृढ मूलवाला संसाररुपी पीपलका वृक्षलाई दृढ वैराग्यरुपी शस्त्रद्वारा काटेर ।

ततः पदं तत्परिमार्गितव्यं
यस्मिन्गता न निवर्तन्ति भूयः ।
तमेव चाद्यं पुरुषं प्रपद्ये
यतः प्रवृत्तिः प्रसृता पुराणि ॥४॥

भा.टी.- त्यहाँ उप्रान्त परमपदरुपी परमेश्वरलाई राम्रा प्रकारसँग खोज्नु पर्दछ, किनकि जसमा गैसकेको पुरुष फेरि पछि संसारमा फर्केर आउदैन अरु जुन परमेश्वरदेखि यो पुरातन संसारवृक्षको प्रवृत्ति विस्तारमा प्राप्त भयो , उसै आदिपुरुष नारायणका शरणमा म छु भन्ने यस्तो निर्णय गरेर ।

निर्मानमोहा जितसङ्गदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञै-
र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- नष्ट भैसकेको छ मान र मोह जसको , फेरि जितिसकेको छ आसक्तिरुप दोष जसले, अरु परमात्माका स्वरुपमा छ निरन्तर स्थिति जसको , अनि फेरि राम्रा प्रकारले नष्ट भइसकेको छ कामना जति सबै जसको यस्ता ति सुखदुःख नामक द्वन्दहरुदेखि विमुक्त भएका ज्ञानीजन त्यो अविनाशी परमपदमा प्राप्त हुन्छ ।

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥६॥

भा.टी.-त्यस स्वयं प्रकाश परमपदलाई न सूर्यले प्रकाशित गर्न सक्छन् न चन्द्रमाले प्रकाश गर्दछन्, फेरि न त अग्निले नै प्रकाशित गर्न सक्दछ यस्तो त्यो परमपदमा प्राप्त भएर मनुष्य फेरि पछि संसारमा फर्केर आउँदैनन्, त्यो मेरै परमधाम हो ।

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७॥

भा.टी.- अनि हे अर्जुन ! यस देहमा यो जीवात्मा मेरै सनातन अंश हो अरु त्यो त्रिगुणमयी मायामा स्थित भएका मनका सहित पाँचै ईन्द्रियहरुलाई आकर्षण गर्दछ ।

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- कस्तो भने वायुले गन्धका स्थानदेखि गन्धलाई जसरी ग्रहण गरेर लिन्छ उस्तै प्रकारले देहादिहरुको स्वामी जीवात्मा पनि जुन पहिलेका शरीरलाई त्याग्दछ त्यस देखि यि मन सहितका ईन्द्रियहरुलाई ग्रहण गरेर फेरि शरीरमा प्राप्त हुन्छ र त्यसैमा जान्छ ।

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥

भा.टी.- अनि त्यो शरीरमा स्थित भएको यो जीवात्मा श्रोत्र चक्षु र त्वचा, रसना, घ्राण र अनि मनलाई आश्रय सेवन गर्दछ ।

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥

भा.टी.- तर शरीर छोडेर गएका बेलामा वा शरीरमा स्थित भएर विषयादिको भोग भोग्दै अथवा तीनै गुणहरुले युक्त भएका पनि अज्ञानीजन जान्न सक्दैनन्, खालि ज्ञानरुपी नेत्रवाला ज्ञानीजनहरुमात्रै तत्वज्ञानले जान्दछन् ।

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११॥

भा.टी.- किनभने योगीजन पनि आफ्ना हृदयकमलमा स्थित भएका यस आत्मालाई यत्न गर्दै तत्वज्ञानले जान्दछन् , अरु जसले आफ्ना अन्तःकरणलाई शुद्ध गरेको छैन यस्ता अज्ञानीजन त यस आत्मालाई यत्न गर्दागर्दै पनि पाउदैनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ॥
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धिमामकम् ॥१२॥

भा.टी.- अरु हे अर्जुन ! जो तेज सूर्यमा स्थित भएर सम्पूर्ण जगतलाई प्रकाशमान गर्दछ अनि त्यै तेज चन्द्रमामा स्थित भएको छ, अरु जुन तेज अग्निमा स्थित छ त्यसलाई तिमीले मेरै तेज भन्ने जान ।

गामाविश्य च भूतानि धारयाम्यहमोजसा ।
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः ॥१३॥

भा.टी.- अनि फेरि मै पृथ्वीमा प्रवेश गरेर आफ्ना शक्तिले सबै भूतादिलाई धारण गर्दछु, अरु रसस्वरुप अर्थात अमृतमय चन्द्रमा भएर सम्पूर्ण औषधि अर्थात वनस्पतिहरुलाई पुष्ट गर्दछु ।

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

भा.टी.- मै सब प्राणीहरुका शरीरमा स्थित भै वैश्वानर अग्निरुप भएर प्राण र अपानले युक्त भएका चार प्रकारका अन्नलाई पचाउँछु ।

सर्वस्य चाहं हृदि संनिविष्टो
मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो
वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- फेरि मै सबै प्राणीहरुमा हृदयमा अन्तर्यामीरुपले स्थित छु, मदेखि नै स्मृति ज्ञान र अपोहन हुन्छ अनि सबै वेदहरुकाद्वारा मैं जान्नमा योग्य छु वेदान्तको कर्ता र वेदहरुलाई जान्ने पनि मै हूँ ।

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥

भा.टी.- हे अर्जुन ! यस संसारमा नाशवान र अविनांशी यी दुई प्रकारका पुरुष छन् , तिनमा सम्पूर्ण भूत प्राणीहरुका शरीर त नाशवान र जीवात्मा कहिएको छ ।

उत्तमः पूरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।
यो लोकत्रयमाविश्य विभर्त्यव्यय ईश्वरः ॥१७॥

भा.टी.- फेरि ति दुबैदेखि उत्तम पुरुष त अरुनै छ जो कि तीनै लोकमा प्रवेश गरेर सबैको धारण पोषण गर्दछ एवं अविप्राशी परमेश्वर र परमात्मा भन्ने यस्तो भनिएको छ ।

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

भा.टी.- किनभने म नाशवान जडवर्ग क्षेत्रदेखि त सर्वथा अतीत छु अरु मायामा स्थित भएका अविनाशी जीवात्मा भन्दा पनि उत्तम छु, यस निमित्त लेकमा र वेदमा पनि पुरुषोंत्तम नामले प्रसिद्ध छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो मामेवमसंमूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ॥१९॥

भा.टी.- हे भारत ! यसप्रकार तत्वदेखि जो ज्ञानी पुरुष मलाई पुरुषोत्तम भन्ने जान्दछन्, त्यो सर्क्षज्ञ पुरुष सबै प्रकारले निरन्तर म वासुदेवको नै भजन गर्दछ ।

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ॥२०॥

भा.टी.- हे निष्पापी अजुन ! यस्तो यो अति रहस्ययुक्त गोपनीय शास्त्र मद्वारा भनियो यसलाई तत्वदेखि जानेर मनुष्य ज्ञानवान र कृतार्थ हुन्छन् अर्थात् त्यसको अरु केहि पनि बाँकि रहदैन । यस अध्यायमा भगवानले आफ्नो परमगोपनीय प्रभाव राम्रा प्रकारले भन्नुभएको छ । जो मनुष्य उक्त प्रकारले भगवानलाई सर्वोत्तम सम्झन्छ भने फेरि त्यसको मन एक क्षण पनि भगवानका चिन्तनको त्याग गर्नै सक्दैन किनभने जुन वस्तुलाई मनुष्य उत्तम सम्झन्छ त्यसैमा उसको प्रेम हुन्छ, उसैको चिन्तन हुन्छ । अतएव सबैको मुख्य कर्तव्य यो हो कि भगवानको परमगोपनीय प्रभावलाई राम्रा प्रकारले सम्झनाका लागि नाशवान क्षणभंगुर संसारका आसक्तिको सर्वथा त्याग गरेर फेरि परमात्मको शरण भई भजन र सत्सङ्गको नै विशेष चेष्टा गर्नु ।

ॐ तत्सदित्ति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे पुरुषेत्तमयोगो नाम पञ्चदशोऽध्यायः ॥१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

षोडशोऽध्यायः

श्रीभगवानुवाच

अभयं सत्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥

भा.टी.-त्यहाँ उप्रान्त भगवान श्रीकृष्ण आज्ञा गर्नुहुन्छ दैवी सम्पत्ति जुन पुरुषहरुलाई भैसकेको छ अनि फेरि जसलाई आसुरी सम्पत्ति प्राप्त छ, तिनको लक्षण फरक फरक गरेर भन्छु, ति मध्ये सर्वथा भयको अभाव, अन्तःकरणको राम्रा प्रकारले स्वच्छता, तत्वज्ञानका लागि ध्यानयोगमा निरन्तर दृढ स्थित, र सात्विकदान तथा ईन्द्रियहरुको दमन भगवत पूजा अरु अग्निहोत्रादि उत्तम कर्महरुको आचरण एवं वेद शास्त्रको पठनपाठन पूर्वक भगवतका नाम गुणहरुको कीर्तन अनि स्वधर्म पालनका लागि कष्ट सहन गर्नु एवं शरीर र ईन्द्रियहरुका अन्तःकरणको सरलता ।

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ॥२॥

भा.टी.- मन, वाणी र शरीर कुनै प्रकारले पनि कसैलाई कष्ट नदिनु , अनि यथार्थ सत्य र प्रिय भाषण आफ्ना उपकार गर्ने माथि पनि क्रोध नगर्नु , कर्महरुमा कर्तापनको अभिमानको त्याग एवं अन्तःकरणका उपरामता अर्थात चित्तका चञ्चलताको अभाव र कसैको पनि निन्दा नगर्नु तथा सव भूतप्राणीहरुमा हेतुरहित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दया, ईन्द्रियहरुका विषयादिका साथ संयोग हुँदा पनि आसक्ति नहुनु, अरु कोमलता फेरि लोक र शास्त्रदेखि विरुद्ध आचरणमा लज्जा र व्यर्थ चेष्टाको अभाव ।

तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति संपदं दैवीमभिजातस्य भारत ॥३॥

भा.टी.-तेज, क्षमा, धैर्य र बाहिरभित्रको शुद्धि एवं कसैमा पनि शत्रुभाव नहुनु र आफ्ना पूज्यताको अभाव यो सबै त हे अर्जुन! दैवी सम्पत्तिमा प्राप्त भएका पुरुषको लक्षण हो ।

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चभिजातस्य पार्थ संपदमासुरीम् ॥४॥

भा.टी.- हे पार्थ ! पाखण्ड, घमण्ड, र अभिमान तथा क्रोध अरु कठोर वाणी एवं अज्ञान पनि यो सबै आसुरी सम्पत्ति प्राप्त भएका पुरुषको लक्षण हो ।

दैवी संपद्विमोक्षाय निबन्धायासुरी मता ।
मा शुचः संपदंदैवीमभिजातोऽसि पाण्डव ॥५॥

भा.टी.- ति दुवै प्रकारका सम्पदाहरुमा दैवी सम्पदा त मुक्तिका लागि र आसुरी सम्पदा बन्धनका लागि मानिएको छ, यसकारण हे अर्जुन ! तिमी शोक नगर किनभने तिमी दैवी सम्पदामा प्राप्त भएका छौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च ।
दैवो विस्तरशःप्रोक्त आसुरं पार्थ मे शृणु ॥६॥

भा.टी.- हे अर्जुन ! यस लोकहरुमा भूतहरुको स्वभाव दुई प्रकारको मानिएका छन् । एक त देवताको जस्तो र दोस्रो असुरहरु जस्तो । त्यसमा देवताहरुको स्वभावनै विस्तारपूर्वक भनिएको छ, यस निमित्त अब असुरहरुको स्वभाव पनि मदेखि तिमी विस्तारपूर्वक सुन ।

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥

भा.टी.-हे अर्जुन ! आसुरी स्वभाववाला मनुष्य कर्तव्यकार्यमा प्रवृत्त हुन र अकर्तव्य कार्यबाट निवृत्त हुन पनि जान्दैनन्, यस निमित्त तिनमा न त बाहिरभित्रको शुद्धि छ, न श्रेष्ठ आचरण छ , अरु न सत्य भाषण नै छ ।

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।
अपरस्परसंभूतं किमन्यत्काम हैतुकम् ॥८॥

भा.टी.- ती आसुरी प्रकृतिवाला मनुष्य भन्छन् कि जगत आश्रय रहित र सर्वथा झुटो एवं विना ईश्वरको आफैं आफ स्त्री पुरुषका संयोगले उत्पन्न भएको हो , यस निमित्त केवल भोगादि भोग्नका लागि नै यसका सिवाय अरु के छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एतां दृष्टिभवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥

भा.टी.-यस्ता प्रकार यो मिथ्या ज्ञानको अवलम्बन गरेर नष्ट भै सकेको छ स्वभाव जसको फेरि मन्द बुद्धि छ जस्का यस्ता ति सबैको उपकार गर्ने कूरकर्मी मनुष्य केवल जगतको नाश गर्नका निमित्त मात्रै उत्पन्न हुन्छन् ।

काममाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः ।
मोहाद्गृहीत्वां सद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥

भा.टी.- अनि मनुष्य दम्भ मान र मदले युक्त भए कुनै प्रकार पनि पूर्ण नहुने कामनाहरुको आशा लिएर फेरि अज्ञानले मिथ्या सिद्धान्तहरु ग्रहण गरी भ्रष्ट आचरणले युक्त भएर संसारमा वर्तन्छ ।

चिन्तामपरिमेयां च प्रलयान्तामुमाश्रिताः ।
कामोपभोगपरमा एतावदिति निश्चिताः ॥११॥

भा.टी.- अनि ती मरणोपरान्त रहने अनन्त चिन्ताहरुको आश्रय गरेर विषयभोगका भोगमा तत्पर भएका एवं यहि मात्र आनन्द हो भनेर यस्तो मान्नेवाला छन् ।

आशापाशशतैर्बद्धाः कामकोधपरायणाः ।
ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्चयान् ॥१२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.-यस निमित्त आशारुपी सैकडौं फाँसी (पाश)हरुमा बाँधिएका फेरि काम र क्रोधमा परायण भएका विषय भोगादिका पूर्तिका लागि अन्यायपूर्वक धनादिक धेरै पदार्थहरुको संग्रह गर्नको चेष्टा गर्दछन् ।

इदमद्य मया लब्धमिमं माप्स्ये मनोरथम् ।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥

भा.टी.- अरु ति पुरुषहरुको विचार यस्ता प्रकारको हुन्छ कि मैले आज यो पाएँ अरु यस्तो मनोरथमा प्राप्त हूँला अर्थात यसले यस्तो कार्य गरुला फेरि मेरा साथमा यो यो यति धन छ अरु पनि फेरि कमाउँला र अरु पनि होला यो त सधैका लागि छँदैछ अर्थात रहन्छ ।

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान् सुखी ॥१४॥

भा.टी.- त्यो शत्रु , मद्वारा मारियो अरु दोस्रा तेस्रा शत्रुहरुलाई पनि म मार्नेछु फेरि मै ईश्वर ऐश्वर्य भोग्ने हूँ , म संबै सिद्धिहरुले युक्त अनि बलवान र सुखी पनि छु ।

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशोमया ।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥

भा.टी.- म ठूलो धनवान र ठूलो कुटुम्ब परिवारवाला छु, मेरा समान दोस्रो को , म यज्ञ गरुँला , दान दिउँला , हर्षित खुसी हूँला भन्ने यस्ता प्रकारका अज्ञानले मोहित छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

भा.टी.- यस निमित्त अनेक प्रकारले भ्रमित भएका चित्तवाला अज्ञानीहरु मोहरुपी जालमा फंसेका विषय भोगमा अत्यन्त आसक्त भएका ती अपवित्र नर्कमा गएरु गिर्दछन् ।

आत्मसम्भाविताः स्तब्धा धनमानमदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥

भा.टी.- ती आफैंआफ श्रेष्ठ अर्थात आफूलाई नै अत्यन्त श्रेष्ठ मान्ने घमण्डी पुरुषहरु धन र मानका मदले युक्त भएका शास्त्रविधिदेखि रहित खालि नाम मात्रका यज्ञादिद्वारा पाखण्डले यज्ञ गर्दछन् ।

अहंकारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥

भा.टी.- अनि ति अहंकार, बल, घमण्ड, कामना, र क्रोधादिमा परायण भएर फेरि दोस्राको निन्दा गर्ने पुरुष आफ्ना र दोस्राका शरीरमा बसेका म वासुदेव अन्तर्यामीसँग द्वेष (रीस) गर्नेवाला हुन् ।

तानहं द्विषतः क्रुरान् संसारेषु नराधमान् ।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी.- यस्ता ति द्वेष गर्ने पापाचारी र क्रूरकर्मी नराधमहरुलाई म ससारमा बारम्बार आसुरी योनिहरुमा नै गिराईदिन्छु अर्थात सुँगुँर कुकूर आदि नीच योनिहरुमा नै उत्पन्न गराईदिन्छु ।

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

भा.टी.- यस निमित्त हे अर्जुन ! ति मूढ पुरुष जन्म जन्मान्तरमा पनि आसुरी योनिमा प्राप्त भएर ममा प्राप्त नभै त्यसदेखि पनि अति नीच गतिमा नै प्राप्त हुन्छन् अर्थात घोर नर्कमा गएर गिर्दछन् ।

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

भा.टी.- हे अर्जुन ! काम, क्रोध तथा लोभ यि तीन प्रकारका नर्कका द्वार आत्मालाई नाश गर्नेवाला छन् अर्थात अधोगतिमा लैजानेवाला छन् । त्यसकारण यि तीनैलाई त्यागिदिनु असल हुन्छ ।

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततोयाति परां गतिम् ॥२२॥

भा.टी.- किनभने हे अर्जुन ! यि तीनै नर्कका द्वारहरुदेखि मुक्त भएका पुरुष आफ्ना कल्याणको अर्थात आफ्ना भलाई हुने आचरण गर्दछन्, यसले ति परम गतिमा जान्छन् अर्थात मैमा प्राप्त हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

भा.टी.- जो पुरुष शास्त्रको विधि छाडेर आफ्ना ईच्छाले वर्तन्छ, त्यो न त कुनै सिद्धिमा प्राप्त हुन्छ फेरि न त परम पदमानै तथा न सुखमा नै प्राप्त हुन्छ अर्थात सबैकुरा देखि विमुख भएर अखण्ड दःख पाउँछ ।

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥२४॥

भा.टी. -अतः तिम्रा लागि यो कर्तव्य र अकर्तव्यका व्यवस्थामा शास्त्रै प्रमाण छ भन्ने यस्तो जान । तिमी शास्त्रविधिदेखि नियत गरिएको कर्म गर्नका लागि योग्य छौ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे दैवासुसंपद विभागयोगो नाम षोडशोऽध्यायः ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

सप्तदशोऽध्यायः

अर्जुन उवाच

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ॥१॥

भा.टीः– भगवानका यस्ता वचन सुनेर अर्जुन विन्ति गर्दछन् हे कृष्ण ! जो मनुष्य शास्त्रका विधिलाई छोडी खालि श्रद्धाले युक्त भएर देवताहरुको पूजन गर्दछन् भने तिनको स्थिति फेरि कुन हुन्छ ? ती सात्विकीं हुन् कि राजसी हुन अथवा तामसी हुन् ?

श्रीभगवानुवाच

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्त्विकी राजसी चैव तमसी चेति तां शृणु ॥२॥

भा.टीः– अर्जुनको यस्तो विन्ति सुनेर भगवान श्रीकृष्ण आज्ञा गर्नुहुन्छ हे अर्जुन ! मनुष्यहरुको त्यो विना शास्त्रीय (शास्त्ररहित) संस्कारहरुको केवल स्वभावले उत्पन्न भएका श्रद्धा सात्विकी राजसी र तामसी तीनै प्रंकारको हुन्छ , त्यसको विस्तार तिमी मबाट सुन म सम्पूर्ण भनिदिन्छु ।

सत्त्वानुरुपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं परुषो यो यच्छ्रद्धः स एव सः ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी:– हे भारत ! सबै मनुष्यहरुको श्रद्धा उनका अन्त:करणको अनुरुप हुन्छ फेरि यो पुरुष श्रद्धामय हो , यस निमित्त जो पुरुष जस्तो श्रद्धावाला छ त्यो स्वयं पनि त्यही हो अर्थात जसको जस्तो श्रद्धाभक्ति छ उसको उस्तै स्वरुप पनि छ ।

यजन्ते सात्त्विका देवान् यक्षरक्षांसि राजसाः ।
प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥

भा.टी:– ती मध्ये सात्विकी पुरुष त देवताहरुको पूजा गर्दछन् , अरु पुरुषहरु यक्ष र राक्षसहरुको पूजन गर्दछन् अरु जो तामसी पुरुषहरु छन् तिनीहरु त प्रेत मसान आदि र भूतणहरुको पूजन गर्दछन् ॥

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ।
दम्भाहंकारसंयुक्ताः कामरागबलान्विताः ॥५॥

भा.टी:– अरु हे अर्जुन ! जो मनुष्य शास्त्रविधिले रहित केवल मनोकल्पित घोर तपस्या गर्दछन् अनि दम्भ र अहंकारले युक्त भएर एवं कामनामा आसक्ति र बलको घमण्डले युक्त भएका छन् ।

कर्षयन्तः शरीरस्थं भूतग्राममचेतः ।
मां चैवान्तः शरीरस्थं तान्विद्ध्यासुरनिश्चयान्
॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी:- फेरि जो शरीररुपले स्थित भूतसमूदायको र अन्त:करणमा स्थित म अन्तर्यामीलाई पनि कृश गर्ने छन् ती अज्ञानीहरुलाई तिमी आसुरी स्वभाववाला हुन् भन्ने जान ।

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं शृणु ॥७॥

भा.टी:- हे अर्जुन ! जस्तै श्रद्धा तीन प्रकारको हुन्छ, उस्तै फेरि भोजन पनि आफना आफना प्रकृति अनुसार तीनै प्रकारको प्रिय हुन्छ अरु उस्तै यज्ञ दान र तपादि पनि तीन तीन प्रकारका हुन्छ तिनका यी फरक फरक भेद तिमी मदेखि सुन ।

आयुः सत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः रस्याः ।
स्निग्धाः स्थिराहृद्याआहाराः सात्त्विकप्रियाः ॥८॥

भा.टी:- आयु, बुद्धि, आरोग्य, सुख र प्रीतिलाई बढाउने अनि रसयुक्त चिल्लो र स्थिर रहने फेरि स्वभावले मनलाई प्रिय लाग्ने यस्तो आहार अर्थात भोजन गर्ने पदार्थ त सात्विकी पुरुषहरुको प्रिय हुन्छ ।

कट्वम्ललवणात्युष्णतीक्ष्णरुक्षविदाहिनः ।
आहारा राजसस्येष्टा दु:खशोकामयप्रदाः ॥९॥

भा.टी:- अरु तीतो अमिलो नूनयुक्त चर्को अत्यन्त तातो तीक्ष्ण रुखो (रस रहित) र दाहकारक अर्थात पोल्ने एवं दु:ख चिन्ता र रोगादि उत्पन्न गराउने आहार अर्थात भोजनको पदार्थ राजसी पुरुषहरुलाई प्रिय छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥

भा.टीः– जो भोजन आधा काँचो आधा पाकेको रसरहित र दुर्गन्धयुक्त ,वासी र जुठो छ फेरि अपवित्र पनि छ यस्तो भोजन तामसी पुरुषहरुलाई प्रिय हुन्छ ।

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते ।
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥११॥

भा.टीः– अनि हे अर्जुन ! यो यज्ञ शास्त्रविधिले नियत गरिएको छ र गर्नु नै कर्तव्य हो यस्तो मनमा समाधान गरेर फलको इच्छा नगर्ने पुरुषहरुद्वारा गरिन्छ त्यो यज्ञ त सात्विक हो ।

अभिसंधाय तु फलं दम्भार्थमपि चैव यत् ।
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ॥१२॥

भा.टीः– अनि फेरि हे अर्जुन, जुन केवल दम्भाचरणका लागि नै गरिन्छ अर्थात फलको (स्वर्ग प्राप्ति आदिको) उदेश्य राखेर गरिन्छ त्यो यज्ञलाई तिमी राजसी भन्ने जान ।

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी:- जुन शास्त्रविधिदेखि रहित र अन्नदानदेखि पनि रहित एवं मन्त्रादिदेखि पनि रहित बिना दक्षिणाको र बिना श्रद्धाभक्तिले गरेको यज्ञलाई तिमी तामसी यज्ञ भन्ने जान ।

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥१४॥

भा.टी:- हे अर्जुन ! देवता, ब्राह्मण, गुरु र ज्ञानीजनहरुको पूजन एवं पवित्रता , सरलता ,ब्रह्मचर्य, र अहिंसा यी शरीर सम्बन्धी तप भनिन्छन् ।

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥१५॥

भा.टी:- फेरि जो उद्वेग नगर्ने प्रिय र हितकारक यथार्थ भाषण छ अरु जो वेद वेदान्त शास्त्रादि पढ्नेको र अनि परमेश्वरका नाम जप्नेको अभ्यास छ त्यो नि:सन्देह वाणी सम्बन्धि तप भनिन्छ ।

मन:प्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धि रित्येतत्तपो मानसमुच्यते ॥१६॥

भा.टी:- मनको प्रसन्नता र शान्त स्वभाव एवं भगवतचिन्तन गर्ने स्वभाव, मनको निग्रह र अन्त:करणको पवित्रता यस्तो यो मन सम्बन्धि तप भनिन्छ ।

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः ।
अफलाकाङ्क्षिभिर्युक्तैः सात्त्विकं परिचक्षते ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी:– तर हे अर्जुन ! फलको इच्छा नगर्ने निष्कामी योगी पुरुषहरुद्वरा अत्यन्त श्रद्धाले गरिएका त्यो पूर्वोक्त तीन प्रकारको तपलाई सात्विक भनिन्छ ।

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ।
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ॥१८॥

भा.टी:– अरु जो तप सत्कार मान र पूजाका लागि वा खालि पाखण्डले नै गरिन्छ, त्यो अनिश्चित र क्षणिक फलवाला तप, यहाँ राजस भनिन्छ ।

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामससुदाहृतम् ॥१९॥

भा.टी:– फेरि जो तप मूढतापूर्वक हठले मन, वाणी र शरीरलाई पीडा दिएर वा दोस्रालाई अनिष्ट गराउनका निमित्त गरिन्छ त्यो तपलाई तामसी तप भनिन्छ ।

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ॥२०॥

भा.टी:– अरु हे अर्जुन ! दान दिनु नै कर्तव्य हो भन्ने यस्ता भावले जो दान देश काल र पात्र मिलेको बेलामा प्रत्युपकार नगर्नेलाई दिईन्छ त्यो दानलाई सात्विक भनिन्छ ।

यत्तुप्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ॥२१॥

भा.टी:– अरु जुन दान क्लेशपूर्वक र फेरि प्रत्युपकारका प्रयोजनले वा फलको उदेश्य राखेर जो दान गरिन्छ त्यो दानलाई राजसी दान भनिन्छ ।

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

भा.टी:– अरु जो दान विना सत्कार पूजा आदि गरी अथवा तिरस्कारपूर्वक (रीस गरेर) अयोग्य देशकालमा कुपुत्रहरुका लागि (जो ब्राह्मण भएर अपठित छ वा दान लिनको अधिकार नभएका अरु जातलाई) दिईन्छ त्यो दानलाई तामसी भनिन्छ ।

ॐतत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ॥२३॥

भा.टी:–अरु हे अर्जुन, ॐ तत् सत् भन्ने यस्तो यो तीन प्रकारको सच्चिदानन्दघन ब्रह्मको नाम भनिएको छ, , उसैले सृष्टिका आदिकालमा ब्राह्मण र वेद तथा यज्ञादिक रचना गरियो ।

तस्मादोमित्युदाहृत्य यज्ञदानतपः क्रियाः ।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥२४॥

भा.टी:–यस निमित्त वेदको कथन गर्ने श्रेष्ठ पुरुषहरुको शास्त्रविधिले नियत गरिएका यज्ञ , दान र तपस्यारुपी क्रियाहरु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सदा ॐ यस्ता यी परमात्माका नामको उच्चारण गरेर नै आरम्भ हुन्छ ।

तदित्यनभिसन्धाय फलं यज्ञतप: किया: ।
दानकियाश्चविविधा: क्रियन्ते मोक्षकाङ्क्षिभि :॥२५॥

भा.टी:– तत् अर्थात तत् नामले कहिने परमात्माको नै यो सब हो , यस्तो भावले फलको इच्छा नगरेर अनेक प्रकारका यज्ञ तपरुपी कियाहरु र अनि दानरुपी कियाहरु कल्याण चाहने पुरुषहरुद्वारा गरिन्छ ।

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते ।
प्रशस्ते कर्माणि तथा सच्छब्द: पार्थ युज्यते
॥२६॥

भा.टी:– अरु सत् यो परमात्माको नाम सत्यभावमा र श्रेष्ठ भावमा प्रयोग गरिन्छ , फेरि हे पार्थ , उत्तम कर्ममा पनि सत् शब्दको प्रयोग गरिन्छ ।

यज्ञे तपसि दाने च स्थिति: सदिति चोच्यते ।
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते ॥२७॥

भा.टी:– अनि यज्ञ , तप , र दानमा जो स्थित छ, त्यो पनि सत् हो भन्ने यस्तो भनिन्छ अरु यस परमात्माका निमित्त गरिएको कर्म निश्चयपूर्वक सत् हो भन्ने यस्तो भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ।
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ॥२८॥

भा.टी:– अरु हे अर्जुन ! विना श्रद्धाले होम गरेको हवन र फेरि दिएको दान एवं तपेको तपस्या र अरु जे पनि गरिएका कर्म छन् ती पनि सम्पूर्ण असत् हुन भन्ने यस्तो भनिन्छ , यस निमित्त यो न त यस लोकमा लाभकारक हुन्छ फेरि न मरेपछि परलोकमा नै लाभकारक हुन्छ , यस निमित्त मनुष्यहरुले यो कर्तव्य गर्नु पर्छ कि सच्चिदानन्दघन परमात्माका नामको निरन्तर चिन्तन गर्दै निष्काम भावले केवल परमेश्वरका लागि शास्त्रविधिले नियत गरिएका कर्महरु परम श्रद्धा र उत्साहका सहित आचरण गर्नु अर्थात ती कर्महरु गर्नु ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे श्रद्धात्रयविभागयोगो नाम सप्तदशोध्यायः ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

श्रीपरमात्मने नमः

श्रीमद्भगवतगीता

अष्टदशोऽध्याय

अर्जुन उवाच

संन्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम् ।
त्यागस्य चहृषीकेश पृथक्केशिनिषूदन ॥१॥

भा.टी:- त्यहाँ उप्रान्त फेरि अर्जुन विन्ति गर्छन् हे अन्तर्यामी ! हे वासुदेव ! हे केशिनिषूदन ! अर्थात केशिदैत्यलाई संहार गर्ने, म सन्यास र त्यागको तत्वलाई पृथक पृथक जान्न चाहन्छु ।

श्रीभगवानुवाच

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ॥२॥

भा.टी: - यस्ता प्रकारका अर्जुनका प्रश्न सुनेर भगवान श्रीकृष्ण आज्ञागर्नु हुन्छ हे अर्जुन ! कति पण्डितजन त काम्य कर्महरुका त्यागलाई सन्यास जान्दछन् । अरु कयौं विचारकुशल पुरुषहरु कर्मका त्यागलाई सन्यास भन्दछन् ।

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपः कर्म न त्याज्यमिति चापरे ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी. - एक थरि विद्वान यस्तो भन्दछन् कि कर्म सबै दोषयुक्त छन् यसनिमित्त त्यागनै योग्य छन् अरु दोस्रा विद्वानहरु यस्तो भन्दछन् कि यज्ञदान र तपरुपी कर्म त्यागन योग्य छैनन् ।

निश्चयं शृणु मे तत्र त्यागे भरतसत्तम ।
त्यागो हि पुरुषव्याघ्र त्रिविधः संप्रकीर्तितः ॥४॥

भा.टीः - तर हे भरतसत्तम अर्जुन ! त्यस त्यागका विषयमा तिमी मेरो विचार सुन हे पुरुष श्रेष्ठ ! त्यो त्याग सात्विक राजस र तामस यस्तो तीनै प्रकारको भनिएको छ ।

यज्ञदानतपः कर्म न त्याज्यं कार्यमेव तत् ।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥

भा.टीः - यज्ञ दान र तपरुपी कर्म त्यागन योग्य छैनन् , परन्तु तीं निःसन्देह गर्नु कर्तव्य हो किनभने यज्ञ दान र तप यी तीनै बुद्धिमान पुरुषहरुलाई पवित्र गर्ने हुन् ।

एतान्यपि तु कर्माणि सङ्ग त्यक्त्वा फलानि च ।
कर्तव्यानीति मे पार्थनिश्चितं मतमुत्तमम् ॥६॥

भा.टीः - यस निमित्त हे पार्थ ! यी यज्ञ दान तपरुपी कर्म र त्यस्तै अरु पनि सम्पूर्ण श्रेष्ठ कर्महरु आसक्ति र फललाई त्यागेर अवश्य गर्नु पर्छ भन्ने यस्तो मैले निश्चय गरेको उत्तम मत छ ।

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते ।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी: - फेरि हे अर्जुन ! नियत कर्म त्याग गर्नु योग्य छैन, यस निमित्त मोहले त्यसको त्याग गर्नु तामसी त्याग भनिएको छ।

दु:खमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत् ।
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ॥८॥

भा.टी: - अरु यदि कुनै मनुष्य जो कर्म छ त्यो सबै दु:खरुप हो भन्ने यस्तो सम्झेर शारीरिक क्लेश को भयले कर्महरुलाई त्यागदछ भने त्यो पुरुष त्यस राजसी त्याग गरेर पनि त्यागका फलमा प्राप्त हुन सक्दैन अर्थात त्यसको त्यो त्याग व्यर्थै हुन्छ।

कार्यमित्येव यत्कर्म नियतं कियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विकोमतः ॥९॥

भा.टी: - अनि हे अर्जुन , गर्नु कर्तव्य हो भन्ने यस्तो सम्झेर नै जो शास्त्र विधिले नियत गरिएका कर्तव्य कर्महरुका फलको आशा त्यागेर गरिन्छ त्यो सात्विक त्याग भनिएको छ अर्थात कर्तव्य कर्महरुलाई स्वरुपले नत्यागेर त्यसमा जो आसक्ति र फललाई त्याग्नु छ त्यो सात्विकी त्याग भनिएको छ।

न द्वेष्टयकुशलं कर्म कुशले, नानुषज्जते ।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ॥१०॥

भा.टी: - अरु हे अर्जुन ! जो पुरुष अकल्याणकारक कर्मदेखि द्वेष गर्दैन अरु कल्याणकारक कर्ममा पनि आसक्त हुँदैन भने त्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुद्ध सत्वगुणले युक्त भएको पुरुष संशयरहित ज्ञानी र त्यागी हो ।

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥११॥

भा.टी: -किनभने देहधारी पुरुषद्वारा सम्पूर्णताले सबै कर्म त्यागनलाई शक्य छैन, यसले जो पुरुष कर्महरुका फलको त्यागी हो त्यै त्यागी हो भन्ने यस्तो भनिएको छ ।

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित् ॥१२॥

भा.टी: - सकामी पुरुषहरुका कर्मको नै राम्रो, नराम्रो र मिलेको यस्तो तीन प्रकारको फल मरेपछि पनि हुन्छ , अरु त्यागी पुरुषहरुका कर्महरुका फल कुनै कालमा पनि हुँदैन किनभने तीद्वारा हुने कर्म वास्तवमा कर्म हुदैनन् ।

पञ्चैतानि महाबाहो कारणानि निबोध मे ।
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धयेसर्वकर्मणाम् ॥१३॥

भा.टी: - हे महाबाहो ! सम्पूर्ण कर्महरुको सिद्धिका निमित्त यी पाँच हेतु सांख्यसिद्धान्तमा भनिएका छन् , तिनलाई तिमीले मदेखि राम्रो गरी जान ।

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ॥१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी. - हे अर्जुन ! यस विषयमा आधार र कर्ता फरक फरक करण अनेक प्रकारका पृथक पृथक चेष्टा एवं उस्तै नै पाँचौ हेतु दैव भनिएको छ ।

शरीरवाङ्मनोभिर्यत्कर्म प्रारभते नरः ।
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः ॥१५॥

भा.टी - किनभने मनुष्य मन, वाणी र शरीरले शास्त्रका अनुसार अथवा विपरीत पनि जे कर्म आरम्भ गर्दछ त्यसरी यी पाँचै कारण हुन् ।

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः ।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ॥१६॥

भा.टी. - जुन मनुष्य अशुद्ध बुद्धि भएको कारणले गर्दा शुद्ध स्वरुपद्धारा गरिएको कामद्धारा आत्मालाई नै कर्ता सम्भिन्छ। त्यासैले मन्द बुद्धि भएका अज्ञानिहरु यथार्थ करा बुभ्दैन ।

यस्य नाहङ्कृतो भावो बुद्धिर्यस्य न लिप्यते
हत्वापि स इमाँल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

भा.टी. - जो मनुष्यको अन्तःकरणमा म आफू कर्ताको रुपमा छ भन्ने भाव छैन, जो सांसारिक वस्तुमा लेपायमान हुदैंन, त्यो मनष्य यो सब लोकलाई जित्नेवाला वास्तवमा न त उ मर्छ न पापमा बाँधिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना ।
करणं कर्म 'कर्तेति त्रिविधः कर्मसङ्ग्रहः ॥१८॥

भा. टीः- ज्ञाता, ज्ञान र ज्ञेय यो तीन प्रकारका कर्मलाई प्रेरणा गर्नेवाला हो र कर्ता, कारण र क्रिया यो तीन प्रकारका कर्म संग्रह हो ।

ज्ञानं कर्म च्च कर्ता च त्रिधैव गुणभेदतः ।
प्रोच्यते गुणसङ्ख्याने यथावच्छृणु तान्यपि ॥१९॥

भा.टीः - ती सबैमा ज्ञान न कर्म तथा कर्ता पनि गुणहरुका भेदले सांख्यशास्त्रमा तीन प्रकारबाट भनिएका छन्, ती पनि तिमी मदेखि सुन ।

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ॥२०॥

भा.टीः - हे अर्जुन ! जुन ज्ञानले मनुष्य पृथक पृथक सबै भूतहरुमा एकै अविनाशी परमात्मालाई विभागरहित समभावले स्थित भएको देख्दछ , त्यो ज्ञान तिमी सात्विकी जान ।

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान् ।
वेत्ति सर्वेषु भूतेषु तत्ज्ञानं विद्धि राजसम् ॥२१॥

भा.टीः -जुन ज्ञान अर्थात जुन ज्ञानद्वारा, मनुष्य सम्पूर्ण भूतहरुमा भन्न भिन्न प्रकारका अनेक भावहरुलाई भिन्न भिन्नै गरेर जान्दछ, त्यस ज्ञानलाई तिमी राजसी ज्ञान भन्ने जान ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यत्तु कृत्स्नवदेकस्मिन् कार्ये सक्तमहैतुकम् ।
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

भा.टी: -अरु जो ज्ञान एकै कार्यरुपी शरीरैमा सम्पूर्णताका सदृश आसक्त छ फेरि जो विनायुक्तिको तत्वज्ञानार्थले रहित र तुच्छ छ भने त्यो ज्ञानलाई तामसी भनिन्छ ।

नियतं सङ्गरहितमरागद्वेषतः कृतम् ।
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

भा.टी: - हे अर्जुन ! जुन कर्म शास्त्रविधिले नियत गरिएको र कर्तापनका अभिमानले रहित भै फलको इच्छा नगर्ने पुरुषद्वारा रागद्वेष पनि त्याग गरेको छ भने त्यो कर्म सात्विक भन्ने बुझिन्छ ।

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः ।
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ।२४॥

भा.टी. - अरु जो कर्म अत्यन्त परिश्रमले युक्त छ फेरि फलको इच्छा गर्ने र अहंकारयुक्त पुरुषद्वारा गरिन्छ भने त्यो कर्मलाई राजसी भनिन्छ ,

अनुबन्धं क्षयं हिंसामनवेक्ष्य च पौरुषम् ।
मोहादारम्यते कर्म यत्तत्तामससमुच्यते ॥२५।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भा.टी: - फेरि जो कर्म परिणाममा हानि अर्थात फलमा हानिहुने हिंसा र सामर्थ्यको विचार नगरेर केवल अज्ञानले आरम्भ गरिन्छ त्यो कर्मलाई तामसी भनिन्छ ।

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्विंतः ।
सिद्धयसिद्धयोर्निर्विकारः कर्ता सात्विक उच्यते ॥२६॥

भा.टी. - हे अर्जुन ! जो कर्ता आसक्तिले रहित र अहंकारयुक्त वचन नबोल्ने धैर्य र उत्साहले युक्त एवं कार्यको सिद्धि वा असिद्धिमा हर्ष शोकादि विकारहरुले रहित छ भने त्यो कर्ता सात्विकी भनिन्छ ।

रागी कर्म फलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽसुचिः ।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ॥२७॥

भा.टी: - अरु जो आसक्तियुक्त, कर्मका फलको इच्छा गर्ने अनि लोभी छ फेरि दोस्रालाई दु:ख दिने स्वभाववाला अशुद्धाचारी र शोकले लेपायमान भएको, त्यो कर्ता राजस भन्ने बुझिन्छ ।

अयुक्तः प्राकृतःस्तब्धःशठो नैष्कृतिकोऽलसः ।
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ॥२८॥

भा.टी. - फेरि विक्षेपयुक्त चित्तवाला अर्थात चञ्चल चित्तवाला , शिक्षाले रहित , घमण्डी , धुर्त र दोस्राका आजीविकाको नाशक एवं शोक गर्ने स्वभाववाला , आलसी दीर्घसूत्री छ , त्यो कर्ता तामसी भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं शृणु ।
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनञ्जय ॥२९॥

भा.टी: - हे अर्जुन ! तिमी बुद्धिको र धारणशक्तिको पनि गुणहरुका कारण तीनै प्रकारका भेद सम्पूर्णताले विभागपूर्वक मेरा मुखबाट भनिएको सुन ।

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये ।
बन्धं मोक्षं च या वेत्ति बुद्धिःसा पार्थ सात्त्विकी ॥३०॥

भा.टी: - हे पार्थ ! प्रवृत्ति र निवृत्ति मार्गलाई फेरि कर्तव्य र अकर्तव्यलाई एवं भय र अभयलाई तथा बन्ध र मोक्षलाई पनि जुन बुद्धि तत्वदेखि जान्दछ्, त्यो बुद्धि सात्विकी हो ।

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च ।
अयथावत्प्रजानाति बुद्धिःसा पार्थ राजसी ॥३१॥

भा.टी: - हे अर्जुन ! जुन बुद्धिद्वारा मनुष्य धर्माधर्मको तथा कर्तव्याकर्तव्यको पनि यथार्थ जान्दैन, त्यो बुद्धि राक्षसी हो ।

अधर्मं धर्ममिति या मन्यते तमसावृता ।
सर्वार्थान्विपरीतांश्च बुद्धिःसा पार्थ तामसी ॥३२॥

भा.टी: - हे पार्थ ! जो तमोगुणले आवृत भएको बुद्धि. अधर्मलाई धर्म हो भन्ने मान्दछन् , फेरि अरु पनि सम्पूर्ण अर्थहरु विपरीतै मान्दछ, त्यो तामसी बुद्धि हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धृत्या यया धारयते मनःप्राणेन्द्रियक्रियाः ।
योगेनाव्यभिचारिण्या धृतिःसा पार्थसात्त्विकी ॥३३॥

भा.टीः -हे अर्जुन ! ध्यानयोगद्वारा जुन अव्यभिचारिणी धारणाले मनुष्य मन, प्राण र इन्द्रियहरुका क्रियादि धारणा गर्दछ , त्यो सात्विकी धारणा हो ,

यया तु धर्मकामार्थान् धृत्वा धारयतेऽर्जुन ।
प्रसङ्गेन फलाकाङ्क्षी धृतिःसा पार्थ राजसी ॥३४॥

भा.टीः - अरु हे पृथापुत्र अर्जुन ! फलको इच्छा गर्ने मनुष्य अत्यन्त आसक्तिले जुन धारणाद्वारा धर्म अर्थ कामादिलाई धारण गर्दछ, त्यो धारणा राजसी हो ।

यया स्वप्नं भयं शोकं विषदं मदमेव च
न विमुञ्चतिदुर्मेधा धृतिः सा पार्थ तामसी ॥३५॥

